मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9854028218

9802592799

9803474311

9817806395



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक १३९ • २०८२ साल चैत्र २४ गते मंगलबार • Tuesday 07, April 2026 • सूर्योदयः बिहान ०५:५३ बजे • सूर्यास्तः साँझ ०६:२३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-


## घुससहित प्राधिकरणका शाखा प्रमुख पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल विद्युत प्राधिकरण कञ्चनपुरका प्रमुख इन्जिनियर महेन्द्र कुमार दास १ लाख ४० हजार रुपैयाँ घुससहित पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय इटहरीको टोलीले सञ्चालन गरेको स्टिङ अपरेसनमा दास सप्तरीको भारदहबाट पक्राउ परेका हुन्।
आयोगका सूचना अधिकारी रोशन अर्यालका अनुसार सेवाग्राहीसँग घुस मागिरहेको सूचनाको आधारमा खटिएको टोलीले उनलाई घुस लिँदै गरेको अवस्थामा रंगेहात पक्राउ गरिएको हो। पक्राउ परेका दासमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

# मधेशको वित्तीय अवस्था संकटामुख, कमजोर आम्दानी, खर्च नियन्त्रणमा दबाब

*समपुरक र विशेष अनुदानअन्तर्गत सुरु भएका आयोजनामा संघीय सरकारबाट प्रतिबद्धता अनुसार रकम नआउँदा करिब ३० अर्ब रुपैयाँ बराबरको अतिरिक्त दायित्व प्रदेशमाथि थपिएको छ।*



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले आफ्नो वित्तीय अवस्था क्रमशः चुनौतीपूर्ण बन्दै गएको संकेत दिएको छ। प्रदेशका अर्थमन्त्री महेश प्रसाद यादवले सोमबार पत्रकार सम्मेलनमार्फत चालु आर्थिक वर्ष २०८२–८३ को बजेट कार्यान्वयन, राजस्व संकलन र संघीय नीतिका प्रभावबारे विस्तृत जानकारी दिँदै वित्तीय सन्तुलन कमजोर बन्दै गएको स्वीकार गरेका हुन्।
उनका अनुसार बजेटको आकार बढे पनि अपेक्षाअनुसार आय संकलन हुन नसक्दा प्रदेशको समग्र आर्थिक स्वास्थ्य सुदृढ देखिएको छैन। फागुन मसान्तसम्म खर्च दर गत वर्षको तुलनामा केही सुधार देखिए पनि राजस्व संकलन कमजोर रहँदा नगद मौज्दातमा उल्लेख्य गिरावट आएको छ। लक्ष्यअनुसार १० अर्ब ३८ करोड रुपैयाँ मौज्दात रहने अपेक्षा गरिएकोमा हाल करिब ४ अर्ब २५ करोड रुपैयाँ मात्र उपलब्ध रहेको जानकारी दिइएको छ।
राजस्वको सुस्त गतिका कारण चालु वर्षमै झण्डै १७ अर्ब रुपैयाँ घाटा हुनसक्ने जोखिम रहेको अर्थमन्त्री यादवले औँल्याए। आय र व्ययबीचको असन्तुलनले प्रदेशलाई वित्तीय संकटतर्फ धकेल्न सक्ने चेतावनीसमेत उनले दिएका छन्।
यस परिस्थितिलाई नियन्त्रणमा राख्न प्रदेश सरकारले प्रशासनिक खर्च कटौती, अनावश्यक खरिदमा रोक र साना योजनाहरू स्थगन गर्ने निर्णय गरेको छ। १० लाख रुपैयाँभन्दा कम लागतका नयाँ आयोजना तत्कालका लागि रोकिने छन् भने अधुरा, क्रमागत तथा मर्मतसम्भारका आयोजनालाई प्राथमिकता दिइने नीति अपनाइएको छ।
स्थानीय तहमा बजेट वितरण प्रणाली सुधार गर्न 'अवण्डा' प्रणाली हटाइएको पनि उनले जानकारी दिए। अब बजेटमै स्पष्ट कार्यक्रम समावेश गरी पारदर्शी ढंगले स्रोत हस्तान्तरण गरिनेछ भने आगामी वर्षदेखि पहुँचको आधारमा होइन, निश्चित मापदण्डअनुसार बजेट बाँडफाँट हुने व्यवस्था गरिनेछ।
पत्रकार सम्मेलनमा अर्थमन्त्री यादवले संघीय सरकारका केही नीतिप्रति असन्तुष्टि पनि व्यक्त गरे। प्रदेशको कार्यसम्पादन मूल्यांकनका लागि प्रयोग गरिएका 'वायु गुणस्तर' र 'वन क्षेत्र विस्तार' जस्ता सूचक मधेशको भौगोलिक अवस्थासँग मेल नखाने भन्दै उनले ती सूचकले प्रदेशलाई सधैँ पछि पार्ने तर्क गरे।
वित्तीय समानीकरण अनुदान वितरणको हालको सूत्र पनि मधेशप्रति न्यायोचित नरहेको उनको आरोप छ। मानव विकास सूचकांक र सामाजिक असमानतालाई पर्याप्त महत्व नदिइएको भन्दै त्यसमा संशोधन आवश्यक रहेको उनले बताए।
संघीय सरकारले हस्तान्तरण गरेका सडक, पुल, सिँचाइ र खानेपानीका धेरै आयोजना स्रोत अभावका कारण अलपत्र परेको अवस्थाप्रति उनले चिन्ता व्यक्त गरे। ती आयोजना सम्पन्न गर्न ठूलो लगानी आवश्यक भए पनि प्रदेशको सीमित स्रोतले धान्न नसक्ने अवस्था रहेको उनको भनाइ छ। त्यस्तै, समपुरक र विशेष अनुदानअन्तर्गत सुरु भएका आयोजनामा संघीय सरकारबाट प्रतिबद्धता अनुसार रकम नआउँदा करिब ३० अर्ब रुपैयाँ बराबरको अतिरिक्त दायित्व प्रदेशमाथि थपिएको तथ्य पनि उनले सार्वजनिक गरे।
राजस्व वृद्धिका सम्भावनाका रूपमा ढुङ्गा, गिट्टी र बालुवाको उपयोगलाई अघि सार्दै उनले यसको निर्यातका लागि आवश्यक कानूनी व्यवस्था गर्न संघसँग पहल भइरहेको जानकारी दिए। साथै, सिमेन्ट उद्योगसँगको विवादका कारण प्रदूषण शुल्क संकलनमा समस्या देखिएको र त्यसले राजस्वमा असर पारेको उल्लेख गरे।
स्वास्थ्य क्षेत्रतर्फ, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि संघीय सरकारले उपलब्ध गराउनुपर्ने छात्रवृत्ति रकम नआउँदा प्रदेशमाथि वार्षिक करिब ३० करोड रुपैयाँको अतिरिक्त भार परेको पनि उनले बताए। प्रदेशको स्रोत अभावलाई ध्यानमा राख्दै भन्सार राजस्वको कम्तीमा १० प्रतिशत हिस्सा प्रदेशलाई उपलब्ध गराउनुपर्ने माग अर्थमन्त्री यादवले गरेका छन्। अन्य प्रदेशको तुलनामा प्राकृतिक स्रोत कम भए पनि जनसंख्या अत्यधिक भएकाले सोहीअनुसार स्रोतको सुनिश्चितता हुनुपर्ने उनको जोड छ।

# प्रदेश सरकारको कार्य सम्पादन कमजोर




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालमा संघीयता लागू भएको करिब एक दशक पुग्न लाग्दा पनि प्रदेश सरकारहरूले अपेक्षित स्वायत्तता र प्रभावकारिता हासिल गर्न नसकेको निष्कर्षसहित हालै एक महत्वपूर्ण प्रतिवेदन सार्वजनिक भएको छ। 'सुशासन मार्गचित्र' नाम दिइएको प्रतिवेदनले संघीय संरचनाको व्यवहारिक कार्यान्वयनमै गम्भीर समस्या रहेको औँल्याएको हो।
पुस १४ गते गठन भएको उच्चस्तरीय समितिले तयार पारेको प्रतिवेदन २०८२ चैत ३ गते सरकारलाई बुझाइएको हो। प्रधानमन्त्री कार्यालयका सचिव गोविन्द बहादुर कार्कीको नेतृत्वमा रहेको १३ सदस्यीय समितिले प्रदेश सरकारहरूको कमजोर अवस्थाको प्रमुख कारण संघीय सरकारको केन्द्रीकृत सोचलाई मानेको छ।
प्रतिवेदनले संघीयताको मर्मअनुसार अधिकार हस्तान्तरण हुन नसक्नु नै प्रदेशहरूको प्रभावकारिता घट्नुको मुख्य कारण भएको स्पष्ट पारेको छ। केन्द्रले स्रोत, अधिकार र निर्णय प्रक्रियामा नियन्त्रण कायम राख्दा प्रदेश सरकारहरू स्वतन्त्र रूपमा काम गर्न नसकेको उल्लेख गरिएको छ। कानूनी संरचनाको अभाव पनि अर्को ठूलो समस्या देखिएको छ। संघीय निजामती सेवा ऐन हालसम्म जारी नहुँदा प्रदेश प्रशासन व्यवस्थित हुन नसकेको प्रतिवेदनमा उल्लेख छ। कर्मचारी व्यवस्थापनमा स्पष्ट नीति नहुँदा बारम्बार सरुवा, वृत्ति विकासमा अनिश्चितता र संस्थागत स्मृतिको अभावले सेवा प्रवाह प्रभावित भएको जनाइएको छ।
कर्मचारी अभाव प्रदेश सरकारका लागि अर्को गम्भीर चुनौती बनेको छ। करिब ४० प्रतिशत दरबन्दी रिक्त रहनुलाई प्रतिवेदनले 'प्रशासनिक पक्षघात'को अवस्था भनेर व्याख्या गरेको छ। यस समस्याको समाधानका लागि मन्त्रालयगत समूह प्रणाली लागू गर्न सुझाव दिइएको छ, जसले विशेषज्ञता र स्थायित्व दुवै बढाउने अपेक्षा गरिएको छ।
वित्तीय पक्षमा पनि प्रदेशहरू कमजोर देखिएका छन्। प्रतिवेदनअनुसार प्रदेश सरकारहरू आफ्नो कुल बजेटको ८० देखि ९० प्रतिशतसम्म संघीय अनुदानमा निर्भर छन्। आन्तरिक राजस्व संकलन न्यून हुँदा वित्तीय आत्मनिर्भरता सीमित बनेको छ र नीति निर्माणमा समेत केन्द्रप्रतिको निर्भरता बढेको छ।
संरचनागत सुधारतर्फ प्रतिवेदनले मन्त्रालय संख्या घटाएर अधिकतम ७ मा सीमित गर्न सिफारिस गरेको छ। अनावश्यक कार्यालय, बोर्ड र समितिहरू खारेज गरी सेवा प्रवाहलाई एकीकृत ढाँचामा लैजानुपर्नेमा जोड दिइएको छ। जिल्लास्तरका छुट्टाछुट्टै कार्यालय हटाएर 'एकीकृत सेवा प्रणाली' लागू गर्न सुझाव दिइएको छ।
सुशासन प्रवद्र्धनका लागि डिजिटल रूपान्तरणलाई प्रमुख उपायका रूपमा अघि सारिएको छ। नागरिक सेवाहरूलाई सरल, छरितो र पारदर्शी बनाउन 'एकीकृत प्रदेश सेवा पोर्टल' निर्माण गर्ने प्रस्ताव गरिएको छ। यसअन्तर्गत पेपरलेस र फेसलेस प्रणाली, डिजिटल टोकन तथा फाइल ट्र्याकिङ प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको छ। हरेक वर्ष देखिने 'असारे विकास' प्रवृत्ति नियन्त्रण गर्न 'आयोजना बैंक' प्रणाली अनिवार्य गर्नुपर्ने सुझाव पनि प्रतिवेदनमा समेटिएको छ। योजना छनोटलाई लागत–लाभ विश्लेषणमा आधारित बनाउनुपर्ने र नतिजामुखी बजेट प्रणाली लागू गर्नुपर्नेमा जोड दिइएको छ।
संघ, प्रदेश र स्थानीय तहबीच समन्वय अभाव र आपसी अविश्वास पनि संघीयताको प्रभावकारी कार्यान्वयनमा बाधक बनेको प्रतिवेदनले औँल्याएको छ। यसका लागि समन्वय परिषद् जस्ता संयन्त्रलाई सक्रिय र परिणाममुखी बनाउनुपर्ने सुझाव दिइएको छ।
प्रतिवेदनले सुधारका लागि स्पष्ट समयसीमा पनि तोकेको छ—३ महिनाभित्र मन्त्रालय संख्या घटाउने, ६ महिनाभित्र संघीय निजामती सेवा ऐन जारी गर्ने, १ वर्षभित्र सवारी चालक अनुमति पत्रजस्ता सेवा अनलाइनमार्फत उपलब्ध गराउने र ३ वर्षभित्र आन्तरिक राजस्व उल्लेख्य रूपमा वृद्धि गर्ने।
समग्रमा, प्रदेश सरकारहरूको भविष्य सबल कानूनी आधार, डिजिटल सुशासन र प्रभावकारी समन्वयमा निर्भर रहने निष्कर्ष प्रतिवेदनले निकालेको छ। तर, यसको सफल कार्यान्वयनका लागि संघीय सरकारको सोचमा परिवर्तन र प्रदेश स्तरमा दृढ राजनीतिक इच्छाशक्ति अनिवार्य हुने औँल्याइएको छ।
प्रतिवेदनले चेतावनी दिँदै भनेको छ—संघीयताको मर्मअनुसार अधिकार र स्रोतको न्यायोचित बाँडफाँट नभएसम्म प्रदेश सरकारहरू 'सेतो हात्ती' भन्ने आलोचनाबाट मुक्त हुन कठिन हुनेछ।

# पर्साका स्थानीय तहहरु आर्थिक अनुशासन कमजोर

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साका स्थानीय तहहरू आर्थिक अनुशासनमा कमजोर बन्दै गएको पाइएको छ। गत आर्थिक वर्षमा जिल्लाका १४ पालिकामा मात्रै १३ अर्ब ४४ करोड ७६ लाख रुपैयाँ बराबरको बेरुजु फेला परेको छ।
स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको लापरवाही, समयमै लेखापरीक्षण नगर्नु, योजनाहरू पारदर्शी रूपमा कार्यान्वयन नगर्नु, आवश्यक कागजी प्रक्रिया पूरा नगरी भुक्तानी गर्नु तथा नियमनकारी निकायको प्रभावकारी अनुगमन अभावजस्ता कारणले बेरुजु उच्च देखिएको हो।
कोष तथा लेखा नियन्त्रकको कार्यालय, पर्साका अनुसार विशेषगरी विकास निर्माण योजनामा लागत अनुमानभन्दा फरक खर्च देखिनु, उपभोक्ता समितिमार्फत गरिएका काममा आवश्यक कागजात नपुग्नु तथा खरिद प्रक्रियामा नियम उल्लङ्घन हुनु बेरुजुका प्रमुख कारण हुन्।
सरोकारवालाहरूले स्थानीय तहमा पारदर्शिता र जबाफदेहिता बढाउन कडा अनुगमन, नियमित लेखापरीक्षण तथा जिम्मेवार व्यक्तिमाथि कारबाही नभएसम्म बेरुजु बढ्ने क्रम रोक्न कठिन हुने बताएका छन्।
महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०८०–८१ का लागि पर्साका १४ पालिकाको लेखापरीक्षण प्रतिवेदन २०८२ वैशाखमा सार्वजनिक गरेको तथ्याङ्क अनुसार सबैभन्दा बढी बेरुजु वीरगंज महानगरपालिकामा देखिएको छ।
तथ्याङ्क अनुसार वीरगंज महानगरपालिकामा ३ अर्ब ९२ करोड ५७ लाख रुपैयाँ बेरुजु रहेको छ। यस्तै, धोबिनी गाउँपालिकामा २९ करोड ६४ लाख सात हजार, पोखरिया नगरपालिकामा ५३ करोड ५४ लाख ९० हजार, बहुदरमाई नगरपालिकामा ४० करोड सात लाख ९१ हजार, पर्सागढी नगरपालिकामा ३० करोड ९६ लाख ६५ हजार, ठोरी गाउँपालिकामा २९ करोड ४० लाख ५६ हजार, जगरनाथपुर गाउँपालिकामा पाँच करोड ३१ लाख छ हजार, छिपहरमाई गाउँपालिकामा ३४ करोड ५२ लाख ७ हजार, पकहामैनपुर गाउँपालिकामा २० करोड ३९ लाख १४ हजार, विन्ध्यवासिनी गाउँपालिकामा २४ करोड १२ लाख ५६ हजार, सखुवाप्रसौनी गाउँपालिकामा ३८ करोड ५९ लाख ७० हजार, पटेर्वासुगौली गाउँपालिकामा २६ करोड ३१ लाख १३ हजार तथा जीराभवानी गाउँपालिकामा ४० करोड ५१ लाख ३८ हजार रुपैयाँ बेरुजु रहेको उल्लेख गरिएको छ।
बेरुजु रकम बढ्नु स्थानीय तहका लागि गम्भीर चेतावनी सङ्केत भएको सरोकारवालाहरू बताउँछन्। यसले प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा विकास, सेवा प्रवाह र जनविश्वासमा असर पार्ने देखिएको छ।
वीरगंज महानगरपालिकाका आन्तरिक लेखापरीक्षक हरिशङ्करप्रसाद कुर्मीले बेरुजु बढ्नु केवल हिसाबकिताबको समस्या मात्र नभई सुशासन, विकास र जनविश्वाससँग जोडिएको विषय भएको बताए।
वीरगंज महानगरपालिकाकामा उच्च बेरुजुका कारण विकास कार्यमा अवरोध, जनविश्वासमा कमी, आर्थिक अनुशासन कमजोर हुनु, सेवा प्रवाहमा असर पर्नु, कारबाही तथा कानूनी जोखिम बढ्नुजस्ता समस्या देखिएको बताए। साथै, उच्च बेरुजु भएका स्थानीय तहले केन्द्र वा प्रदेशबाट आगामी बजेट प्राप्त गर्न कठिनाइ भोगी रहेको समेत जानकारी दिए।






# ओली र लेखकलाई बिहीबार हिरासत मुक्त गर्न आदेश



**काठमाडौँ।**
सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकलाई आगामी बिहीबारभित्र अनुसन्धान सम्पन्न नभएमा हिरासत मुक्त गर्न आदेश दिएको छ।
न्यायाधीश विनोद शर्मा र सुनिलकुमार पोखरेलको इजलासले जिल्ला अदालतबाट चैत २२ गते भएको आदेश अनुसारको समयावधिमा अनुसन्धान सम्पन्न भइ मुद्दा चल्ने नचल्ने निर्णय भएमा सोहीअनुसार र सो हुन नसकेमा हिरासत मुक्त गरी थप अनुसन्धान तहकिकात सम्पन्न गर्न आदेश दिएको हो।
'जिल्ला अदालतबाट मिति २०८२–१२–२२ मा भएको आदेश अनुसारको समयावधिमा अनुसन्धान कार्यसम्पन्न भई मुद्दा चल्ने नचल्ने निर्णय भएमा सोहीअनुसार र सो हुन नसकेमा तत्पश्चात् अर्थात् तेस्रो पटक म्याद थपको अवधि उपरान्त यी रिट निवेदक केपी शर्मा ओली र रमेश लेखकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ को प्रक्रिया पूरा गरी हिरासत मुक्त गरी थप अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरी जे जो गर्नुपर्ने हो गर्नु गराउनू भनी प्रत्यर्थीहरुका नाममा परमादेशको आदेश जारी गरिएको छ,' आदेशमा भनिएको छ।
अध्यक्ष ओलीकी पत्नी राधिका शाक्य र नेता लेखककी पत्नी यशोदा लेखकले चैत १५ गते गैरकानूनी थुनामा राखिएको उल्लेख गर्दै थुनामुक्त गर्न माग गर्दै बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरेका थिए। रिटका सन्दर्भमा भने प्रतिवादीहरुलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने जनाइएको छ।

# मानवताले जित्यो दूरीः दुई वर्षपछि आमासँग पुनर्मिलन



**मधेशदृष्टि**
**रक्सौल।**
भारत–नेपाल सीमा क्षेत्रमा कार्यरत एक प्रहरी अधिकृतको संवेदनशील पहलले बिछोडिएको परिवारलाई दुई वर्षपछि पुनः एकताबद्ध गराएको छ । सशस्त्र सीमा बल (एसएसबी) का इन्स्पेक्टर मनोज कुमार शर्माको सक्रियताले हराएकी एक वृद्ध महिलालाई परिवारसम्म फर्काउन महत्वपूर्ण भूमिका खेलेको हो।

०१ मे २०२४ को राति रक्सौलस्थित हाजमा टोल नजिक रेल्वे ट्र्याक छेउमा गस्तीका क्रममा इन्स्पेक्टर शर्माले झाडीमा लुकेर बसेकी एक असहाय तथा मानसिक रूपमा अस्वस्थ महिलालाई फेला पारेका थिए । राति करिब ११:३५ बजे देखिएको उक्त अवस्थापछि उनले तत्काल उद्धारको पहल गर्दै आफ्नो टोलीलाई परिचालन गरेका थिए।

मानव तस्करीविरुद्धको इकाइको नेतृत्व गरिरहेका शर्माले ती महिलालाई सुरक्षित रूपमा उद्धार गरी रक्सौलको माहेर ममता निवासमा आश्रयको व्यवस्था मिलाए। त्यसपछि उनको निरन्तर उपचार डंकन अस्पतालमा गराइएको थियो।

उपचार र हेरचाहपछि स्वास्थ्यमा उल्लेखनीय सुधार आएसँगै महिलाको स्मरणशक्ति पनि क्रमशः फर्किन थालेको थियो।

स्मरणशक्ति फर्किएपछि उनले आफ्नो घर क्षेत्र र नजिकको प्रहरी थानाबारे जानकारी दिएकी थिइन्। त्यस आधारमा सम्बन्धित निकायमार्फत परिवारसँग सम्पर्क स्थापित गर्न सफल भएको थियो। परिवारका अनुसार ती महिला अप्रिल २०२४ मा खेतबाट घर फर्कने क्रममा हराएकी थिइन् र लामो समयसम्म खोजी गर्दा पनि कुनै सुराक नपाउँदा परिवार निराश बनेको थियो।

अन्ततः ०५ अप्रिल २०२६ मा हरैया थाना प्रमुख किशन पासवानको उपस्थितिमा महिलालाई उनका दाजु जयपाल गोंडलाई औपचारिक रूपमा जिम्मा लगाइएको थियो । त्यसपछि उनी मध्यप्रदेशको अनूपपुर जिल्लास्थित आफ्नो घर फर्किएकी छन्।

झण्डै दुई वर्षपछि आमालाई सकुशल भेट्दा परिवारका सदस्य भावुक बनेका थिए । उनीहरूले उद्धारमा संलग्न सम्पूर्ण टोलीप्रति कृतज्ञता व्यक्त गरेका छन् । यस कार्यमा इन्स्पेक्टर मनोज कुमार शर्मा, उपनिरीक्षक अनिल कुमार शर्मा, कन्स्टेबलहरू जितेन्द्र, टिनु कुमारी, पिंकी कुमारी तथा आश्रयस्थलका बीरेन्द्र कुमारलगायतको सक्रिय योगदान रहेको थियो।

यो घटना केवल एक उद्धार अभियान मात्र नभई कर्तव्यनिष्ठा, मानवीय संवेदना र सेवाभावको प्रेरणादायी उदाहरणका रूपमा स्थापित भएको छ।

# सोमबारदेखि सबै कार्यालय विहान ९ देखि ५ बजेसम्म खुले

**मधेशदृष्टि**
**वीरगंज।**
संघीय मन्त्री परिषदको निर्णयनुसार सोमबारदेखि मुलुकभरका सेवा प्रदायक सबै सरकारी कार्यालयहरू बिहान ९ बजेदेखि खुलेका छन् । आइतबार बसेको मन्त्रिपरिषद बैठकले कार्यालयहरू विहान ९ बजे खुलेर साँझ ५ बजे बन्द हुने निर्णय गरेको थियो।

सो बमोजिम पर्सा जिल्लाका सरकारी कार्यालयहरूमा सोमबार विहान ९ बजे अघि नै सेवाग्राहीहरू पुगिसकेका थिए। जिल्ला प्रशासन कार्यालय पर्सामा कार्यालय खुल्नु अघि नै सेवाग्राहीहरू पुगि सकेको र कर्मचारीहरू पनि साँढे आठ देखि पौने नौ बजेको विचमा फाँटमा उपस्थित भइसकेको नागरिककता फाँटमा कार्यरत कर्मचारी मृतुञ्जय मिश्रले बताए।

यसैगरि जिल्ला मालपोत, नापी कार्यालय लगायतका कार्यालयहरूमा पनि विहान कार्यालय खुल्नु अघि नै सेवाग्राही पुगी सकेको भएतापनि लेखापढी व्यावासायीहरूको आन्दोलनको कारण सेवा लिन नसकेको बताएका छन् । सरकारले निर्णय गरेको कुरा आफुहरूलाई सामाजिक सञ्जाल मार्फत आइतवार नै जानकारी भएको कार्यालयमा पुगेका सेवाग्राहीहरूले बताएका छन्।

यसअघि कार्यालय समय बिहान १० बजेदेखि साँझ ५ बजेसम्म थियो । जाडोयाम (कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म) भने कार्यालय समय बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म सन्चालन हुन्थ्यो । मन्त्रिपरिषद् बैठकले इन्धन खपत घटाउनका लागि शनिबार र आइतबार दुई दिन बिदा दिने तथा सरकारी कार्यालय बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म सञ्चालन गर्ने निर्णय गरेको थियो।

यसैविच बैंकिङ क्षेत्रमा पनि सातामा दुई दिन बिदा लागू हुने भएको छ । बैंक तथा वित्तीय संस्थाहरू पनि अब सोमबारदेखि शुक्रबारसम्म सातामा ५ दिन खुल्ने भएका छन्। सरकारले तोकेको समय अनुसार काम गर्ने समय एक घण्टा समय थप



गरिएकोमा सोमबारदेखि बैंक तथा वित्तीय संस्थाहरू बिहान ९ बजेदेखि बेलुका ४ बजेसम्म खुल्ने भएका छन्।

यसअघि बैंक तथा वित्तीय संस्था बिहान १० बजेदेखि बेलुका ३ बजेसम्म खुल्ला रहन्थे। नेपाल राष्ट्र बैंकले २२ चैतबाटै सातामा सोमबार–शुक्रबारसम्म बिहान ९ बजेदेखि बेलुका ४ बजेसम्म बैंक खुला गरी बैंकिङ सेवा प्रवाह गर्न भनेको छ। सोही व्यवस्था अनुसार सोमबारदेखि बैंक तथा वित्तीय संस्थाहरूले बिहान ९ बजेदेखि सेवा प्रवाह गर्न थालेका हुन्।

# परीक्षाको मर्यादा उल्लंघन गर्ने एक पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
माध्यमिक शिक्षा परीक्षा (एसइई)को मर्यादा उल्लङ्घन गर्ने कार्यमा संलग्न रहेको आरोपमा रौतहटबाट एक युवक पक्राउ परेका छन्। पक्राउ पर्नेमा चन्द्रपुर नगरपालिका–६, मोतियाहीका २१ वर्षीय रंजित कुमार साह रहेका छन्।

उनलाई चन्द्रपुर–९ स्थित जन जागृति माध्यमिक विद्यालय परीक्षा केन्द्रमा परीक्षार्थीलाई अनियमित सहयोग गरेको आरोपमा प्रहरीले नियन्त्रणमा लिएको हो । प्रहरीका अनुसार साहले परीक्षार्थीलाई ह्वाट्सएप समूहमा आबद्ध गराई प्रश्नपत्रको उत्तर पठाउने 'चिटिङ' कार्यमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर बाट खटिएको टोलीले उनलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय रौतहट का अनुसार पक्राउ परेका साहविरुद्ध शिक्षा ऐनअन्तर्गत मुद्दा दर्ता गरिएको छ । जिल्ला अदालत रौतहटले अनुसन्धानका लागि सोमबार पाँच दिनको म्याद दिएको छ।

# मालपोत कार्यालय परिसरबाट विचौलिया पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको चन्द्रनिगाहपुरस्थित मालपोत कार्यालय परिसरबाट एकजना कथित बिचौलिया पक्राउ परेका छन् । सरकारी सेवा लिने सर्वसाधारणलाई दुःख दिने र अनावश्यक रकम असुल गर्ने गतिविधि बढेपछि प्रहरीले निगरानी तीव्र बनाउँदै यस्तो कारबाही गरेको हो।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको टोलीले विशेष सूचनाको आधारमा चन्द्रपुर नगरपालिका–४ मा रहेको मालपोत कार्यालयबाट कटहरिया नगरपालिका–९ का २४ वर्षीय रितेश कुमार यादवलाई नियन्त्रणमा लिएको जनाएको छ। उनी सेवाग्राहीलाई छिटो काम गराइदिने आश्वासन दिँदै सरकारी प्रक्रियामा हस्तक्षेप गर्ने र अतिरिक्त रकम लिने कार्यमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले बताएको छ । सेवाग्राहीबाट पटक–पटक गुनासो आएपछि प्रहरीले उक्त क्षेत्रमा निगरानी बढाएको थियो। सोही क्रममा यादवलाई पक्राउ गर्न सफल भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रमुख, डिएसपी रुपा लाबुङले बताए।

# एकीकृत सुरक्षा जाँच चौकी पूर्ण रुपमा संचालनमा आउने



**मधेशदृष्टि**
**वीरगंज।**
भारत–नेपाल सीमास्थित वीरगंज–रक्सौल एकीकृत सुरक्षा जाँच चौकी पूर्ण रूपमा सञ्चालनमा आउने भएको छ।

नेपालका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले हालै आइसिपीको निरीक्षण गर्दै यहाँ छिट्टै 'यात्री शाखा' प्यासेन्जर टर्मिनल सञ्चालनमा ल्याइने घोषणा गरेका थिए। यस नयाँ व्यवस्था अन्तर्गत अब तेस्रो देशका विदेशी पर्यटकहरूले इमिग्रेशन र कस्टमसम्बन्धी सम्पूर्ण सुविधा आइसिपी परिसरमै प्राप्त गर्नेछन्, जसले भारत–नेपालबीचको द्विपक्षीय पर्यटनलाई नयाँ गति दिने अपेक्षा गरिएको छ । नयाँ व्यवस्थापछि पनि सामान्य भारतीय र नेपाली नागरिकका लागि पुरानो भन्सार नाका (मैत्री पुल) पहिलेकै जस्तो आवतजावतको मुख्य केन्द्र रहनेछ । आइसिपीलाई पूर्ण क्षमतामा सञ्चालन गर्न अर्थमन्त्रीले दिएको निर्देशन अनुसार मुख्य व्यापारिक मार्गमा पर्ने चाप कम गर्नका लागि युद्धस्तरमा काम भइरहेको वीरगंज भंसार कार्यालयले जनाएको छ। नयाँ यात्री सेवा शुरू भएपछि आइसिपी व्यापारका अलावा पर्यटन र सीमा व्यवस्थापनको क्षेत्रमा पनि नयाँ मानक स्थापित गर्ने विश्वास गरिएको छ।

# आधुनिक स्नान तथा शौचालय भवनको उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्सामा प्रहरी कर्मचारीहरूको सुविधा, स्वच्छता तथा स्वास्थ्य प्रवद्र्धन गर्ने उद्देश्यले निर्माण गरिएको आधुनिक स्नान तथा शौचालय भवनको उद्घाटन सम्पन्न भएको छ।

'स्वच्छता नै स्वास्थ्यको आधार हो' भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै नेपालमै पहिलो पटक डिजिटल प्रविधि युक्त अत्याधुनिक शौचालय निर्माण गरिएको भवन सोमबार विशेष कार्यक्रमबीच उद्घाटन गरिएको हो।

उद्घाटन कार्यक्रममा प्रहरी उपरीक्षक सुदीप राज पाठकको प्रमुख आतिथ्यता तथा कार्यालयमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै प्रहरी उपरीक्षक पाठकले यस्तो पूर्वाधारले प्रहरी कर्मचारीहरूको स्वास्थ्य, स्वच्छता र कार्यक्षमतामा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे।

# जनकपुरधाममा अतिक्रमणविरुद्धको कडाई जारी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा फुटपाथ तथा ऐतिहासिक क्षेत्र अतिक्रमण गरी बनाइएका अस्थायी संरचनाहरू हटाइएको छ । गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोको नेतृत्वमा जनकपुरधाम उपमहानगरपालिका र जनकपुरधाम उद्योग वाणिज्य सङ्घको संयुक्त पहलमा अभियान सञ्चालन गरिएको हो । सोमबार कदमचोक क्षेत्रमा फुटपाथ मिचेर बनाइएका टहरा र अस्थायी पसलहरू हटाइएको छ । लामो समयदेखि व्यापारीहरूले सार्वजनिक फुटपाथ अतिक्रमण गर्दा पैदलयात्रीहरू सडकमा हिँड्न बाध्य थिए, जसले दुर्घटनाको जोखिमसमेत बढाएको थियो। अभियानका क्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नगरप्रहरीको संयुक्त टोली परिचालन गरिएको थियो । सुरक्षाकर्मीको निगरानीमा संरचनाहरू व्यवस्थित रूपमा हटाइएपछि अहिले फुटपाथ खुला भएको छ र सर्वसाधारणलाई आवतजावतमा सहजता भएको छ । जनकपुरधाम उद्योग वाणिज्य संघको अध्यक्ष सुरेन्द्र भण्डारीले व्यापारीहरूलाई सार्वजनिक स्थान अतिक्रमण नगर्न आग्रह गर्दै नियमको पालना गर्न अपिल गरेका छन् । स्थानीय प्रशासनले सार्वजनिक स्थल संरक्षण र शहरी व्यवस्थापनलाई प्रभावकारी बनाउन यस्ता अभियान आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने जनाएको छ।

# अर्थ तथा योजना समितिको वार्षिक प्रतिवेदन पेस



**जनकपुरधाम।**
मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवसमक्ष अर्थ तथा योजना समितिका सभापति अनिताकुमारी साहले वार्षिक प्रतिवेदन २०८२ पेस गरेकी छन्।

जनकपुरधाममा प्रदेश सभा भवनमा सोमबार आयोजित कार्यक्रममा समितिका सभापति साहले सो प्रतिवेदन प्रस्तुत गरेकी छन् । प्रतिवेदन प्रस्तुत गर्ने क्रममा समितिका सदस्यहरूको पनि सहभागिता रहेको थियो।

प्रतिवेदनमा प्रदेशको आर्थिक अवस्था, बजेट कार्यान्वयनको प्रगति, योजना व्यवस्थापन तथा आगामी नीति तथा कार्यक्रमसम्बन्धी सुझावहरू समेटिएको छ। समितिले आर्थिक पारदर्शिता, विकास योजनाको प्रभावकारी कार्यान्वयन तथा राजस्व व्यवस्थापनमा सुधार आवश्यक रहेको औँल्याएको छ।

कार्यक्रममा सभामुख यादवले समितिले पेस गरेको प्रतिवेदनले प्रदेश सरकारलाई नीतिगत निर्णय लिन सहयोग पुग्ने बताए । उनले प्रतिवेदनमा उठाइएका सुझावहरूलाई कार्यान्वयनमा लैजान सम्बन्धित निकायलाई निर्देशन दिने बताए । अर्थ तथा योजना समितिको वार्षिक प्रतिवेदनलाई प्रदेशको समग्र आर्थिक विकासका लागि महत्त्वपूर्ण दस्तावेजका रूपमा हेरिएको छ। रासस

# प्रधानमन्त्री कपः त्रिभुवन आर्मी क्लब १३८ रनले विजयी

**वीरगंज।**
प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबार भएको खेलमा त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशलाई फराकिलो रन अन्तरले पराजित गरेको छ । वीरगंजको नारायणी रङ्गशालामा भएको खेलमा त्रिभुवन आर्मी क्लबले कर्णाली प्रदेशलाई १३८ रनले पराजित गरेको हो।

सुरुआती ब्याटिङ गरेको त्रिभुवन आर्मी क्लबले ४८ ओभरमा सबै विकेट गुमाउँदै २६८ रन जोडेको थियो । त्रिभुवन आर्मीका तर्फबाट अर्जुन साउदले १२० बल खेल्दै १२१ रन जोडेका थिए । यसैगरी, आर्मीकै बसीर अहमदले ७० बलमा ४५ रन जोडेका थिए । कर्णाली प्रदेशका दिनेश अधिकारीले चार विकेट र प्रकाश जैसीले तीन विकेट लिएका थिए।

जवाफी ब्याटिङमा उत्रिएको कर्णाली प्रदेशले ४२ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १३० रनमा सीमित भएको थियो । कर्णालीका तर्फबाट विपिनविक्रम शाही ठकुरीले ४० रन र अर्जुन घर्ती मगरले ३२ रन जोडेका थिए । त्रिभुवन आर्मी क्लबका सहाब आलम र बसिर अहमदले सामान तीन÷तीन विकेट लिएका थिए । आजको खेलमा त्रिभुवन आर्मी क्लबका अर्जुन साउद 'प्लेयर अफ दी म्याच' भने घोषित हुँदै नगद रु पाँच हजार पुरस्कार पाए।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता टोलीले रु १० लाख र उपविजेताले पाँच लाख पुरस्कार प्राप्त गर्नेछन्। रासस

# 'वराहमिहिर अवार्ड'बाट दुबे सम्मानित

**मधेशदृष्टि**
**वीरगंज।**
'वराहमिहिर अवार्ड'बाट वीरगंजका ज्योतिष डा. पुरुषोत्तम दुबे सम्मानित भएका छन्।

विश्व ज्योतिष महासङ्घ र दक्षिण एसियाली ज्योतिष महासङ्घले भारतको विहार राज्य पटनामा आयोजित कार्यक्रममा दुई दशकदेखि ज्योतिष क्षेत्रमा पु¥याएको योगदानस्वरुप दुबेलाई सम्मान गरेको हो।

संस्कृत विहार बोर्डका अध्यक्ष मृत्युञ्जय झा र भारत सरकारका पूर्वकेन्द्रीय मन्त्री सञ्जय पासवानले आइतबार पटनामा आयोजित कार्यक्रममा उनलाई अवार्ड प्रदान गरेका हुन् । साथै दुबेलाई माता पटनदेवी गोल्ड मेडल प्रदान गरिएको थियो।

सम्मानित दुबेले चर्चित अवार्ड प्राप्त गर्नु नेपालकै गौरव विषय भएको बताउँदै आगामी दिनमा पनि ज्योतिष एवम् वास्तु क्षेत्रमा सक्रिय भएर लाग्ने प्रतिबद्धता व्यक्त गरे।

भारतको विहार राज्यको राजधानी पटनामा तीनदिने अन्तरराष्ट्रिय ज्योतिष, वास्तु एवम् तन्त्र सम्मेलनमा करिब २ सय भन्दा धैरै ज्योतिष तथा वास्तु विद्हरुको सहभागिता रहेको थियो।

विश्व ज्योतिष महासङ्घका संस्थापक अध्यक्ष डा लोकराज पौडेलले अन्तरराष्ट्रिय सम्मेलनले आगामी दिनमा ज्योतिष तथा वास्तु क्षेत्रमा नयाँ आयाम भित्र्याउन सहयोग पुग्ने बताए।


## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

### जग्गा दा.खा.हकदावी वारे ३५ दिने सुचना

यसमा जि.रौ.गा.वि.स.डुमरिया परोहा वडा नं.२ हाल इशनाथ न.पा. ९ मा बस्ने विगन महतोको छोरावुहारी पुन्यदेव आर्यको छोरी दिनेश प्रसादको पत्नी कुमारी सरोजले रौ.जि.अ.गौरको लेनदेन मुद्दा नं.०७१-cp-०२८० मिति २०७३।०२।२० गतेको फैसला, मिति २०८०।१०।१७ गतेको डाकलिलाम मुचुल्का साथै रौ.जि.अ.गौरको च.न.५मिति २०८१।०४।१० गतेको दा.खा.जनाउ पत्र बमोजिम तपसिलमा उल्लेखित जग्गाको दा.खा.माग गरेकोमा मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएको साथै तिनपुस्ते विवरण समेत नरहेको भनि मोठ फाटवाट लेखिआएको तपसिलमा उल्लेखित जग्गाको दा.खा. सम्वन्धी हकदावी वारे ३५ दिने प्रकाशित भइ म्याद सकेपछि पेश गर्ने भनि मिति २०८२।१२।२२ गतेको आदेश बमोजिम सुचना जारी गरिएको छ । निजको तिन पुस्ते भित्रको नाता पर्ने अन्य कोही भए असर पर्ने भए वा दा.खा. हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पुर्वकको वारेश मार्फत म्याद भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम दा.खा. भै जाने छ ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | मठिया | ७ | ५०० | ०- ४-५ | राम उदय महतो कोइरी औरैया ४ |
| ,, | ,, | ७ | ५०६ | ०- ३-३ | |
| ,, | ,, | ७ | ७१३ | ०- ६-१७ | |
| ,, | ,, | ७ | ७१२ | ०- १-० | |
| ,, | ,, | ७ | ६२१ | ०- ३-७ | |

कम्पनी रजिष्ट्रार द.नं. १०८१/०६५/०६६ नेे.रा.बैंक/इ.प्रा./घ/२६/०६९/०७०

# विजय लघुवित्त वित्तीय संस्था लि.

# Vijaya Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तर)

*Banking With Happiness*

केन्द्रीय कार्यालय : धुलिखेल ३, काभ्रेपलान्चोक
फोन नं : ०११-४९०६७१ / ०११-४९०६७२
E-mail: vlbs@vlbs.com.np
Website: https://vlbs.com.np

## कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

मधेशदृष्टि राष्ट्रिय दैनिकमा सूचना प्रकाशित मिति : २०८२/१२/२४ गते

यस विजय लघुवित्त वित्तीय संस्था लि.को विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा र ब्याज रकम शर्त बमोजिम यस वित्तीय संस्थामा समयमै दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले कर्जा भुक्तान गर्ने बारे यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न/बुझाउनु पर्ने बाँकी ऋणको साँवा र ब्याज भुक्तान गर्नुहुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत सूचीत गरिन्छ । अन्यथा उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा यस वित्तीय संस्थाको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार यस वित्तीय संस्थाको लिन बाँकी रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही गर्न सकिने साथै ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचीकृत गरिने छ । धितो सुरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम कानुनी कारबाहीको प्रक्रिया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराउंदछौं ।

| क्र.स | ऋण लिएको शाखा | ऋणीहरुको नाम | ठेगाना | | नागरिकताको बिवरण | | | तिन पुस्ते विवण | | | जमानीकर्ताको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | हालको | ना. प्र. नं | जारी मिति | जिल्ला | पति/पत्नीको नाम | बाबुको नाम | बाजेको नाम/ससुराको नाम | |
| १ | लंगडी | सुनिता देबी | लंगडी-२, पर्सा | धोबिनी-४, पर्सा | ४६८७ | २०६६/१२/१८ | पर्सा | संतोष कुमार वनिया | बिरेन्द्र दास बनिया | /करिमन दास वनिया | संतोष कुमार वनिया |
| २ | लंगडी | मीना देवी | वीरगंज-२३, पर्सा | वीरगंज-२३, पर्सा | ३४-०१-७५-०१०६६ | २०७५/०१/२७ | पर्सा | संतोष दास तत्वा | बुधन दास तत्वा | /टेकमन दास तत्मा | संतोष दास तत्वा |
| ३ | लंगडी | सविता देवी | वसन्तपुर-६, पर्सा | पोखरिया-३, पर्सा | ९०४६ | २०६५/०४/२१ | पर्सा | राधा किसन महतो चाई | सुवास महतो चाई | /स्व. प्रसाद महतो | राधा किसन महतो चाई |
| ४ | लंगडी | किसनावती देवी | जगरनाथपुर-३, पर्सा | जगरनाथपुर-३, पर्सा | ३४-०१-७४-११३५४ | २०७४/०९/०५ | पर्सा | अमोद राउत कुर्मी | राजदेव राउत कुर्मी | /सुक देव राउत कुर्मी | राजदेव राउत कुर्मी |
| ५ | लंगडी | मीना देवी कलवारीन | महुवन-२, पर्सा | सखुवाप्रसौनी-५, पर्सा | २०२ | २०४८/०८/१२ | पर्सा | सुदामा साह कलवार | हिम्मत लाल साह | /सहदुली साह कलवार | सुदामा साह कलवार |
| ६ | लंगडी | राधीका देवी | महुवन-४, पर्सा | सखुवाप्रसौनी-५, पर्सा | ३४-०१-७४-१३७७४ | २०७४/१०/२४ | पर्सा | नगेशर महरा चमार | रामरतन महरा चमार | /रामपृत महरा चमार | नागेशर महरा चमार |
| ७ | लंगडी | बबिता देवी कुर्मी | मुडली-३, पर्सा | कालीकामाई-१, पर्सा | ३४३०५४/६ | २०७०/०२/१४ | पर्सा | नरेश राउत कुर्मी | रामनारायण राउत कुर्मी | /गोपाल राउत | नरेश राउत कुर्मी |
| ८ | लंगडी | मालती देवी चौरसिया | झौवागुठी-४, पर्सा | बिनदबासिनी-३, पर्सा | ३९०१ | २०५९/०३/०५ | पर्सा | नवलकिशो प्रसाद वरै | राजा प्रसाद चौरसिया | /ठग राउत | राजु पराजुली वरै |
| ९ | लंगडी | बबिता देवी | महुवन-४, पर्सा | सखुवाप्रसौनी-५, पर्सा | ३४३०५०/३९३ | २०६४/०१/०९ | पर्सा | कन्हैया प्रसाद कुर्मी | तुलसी राउत कुर्मी | /भरत राउत कुर्मी | कन्हैया प्रसाद कुर्मी |
| १० | लंगडी | अन्तिमा देवी | महुवन-१, पर्सा | सखुवाप्रसौनी-५, पर्सा | ६०८५ | २०६७/०४/१८ | पर्सा | सोनालाल साह जयसवाल | चन्द्रिका साह | /चन्द्रिका साह | सोनालाल साह जयसवाल |
| ११ | लंगडी | श्रीकान्ती कुमारी | महुवन-४, पर्सा | सखुवाप्रसौनी-५, पर्सा | ३४३०५०/२४७ | २०६४/०१/०९ | पर्सा | गुनेश्वर पटेल | भरत राउत कुर्मी | /बुनेल पटेल | भुनेश्वर पटेल |
| १२ | लंगडी | उमरावती देवी चमार | भवराटार-५, पर्सा | बहुदरमाई-७, पर्सा | २६८१ | २०५७/०३/०५ | पर्सा | पानालाल महरा चमार | दसै राम चमार | /स्व.हरिहर महरा चमार | पानालाल महरा चमार |
| १३ | लंगडी | सबिता कुमारी कुर्मी | धोबिनी-३, पर्सा | धोबिनी-३, पर्सा | ३४-०१-७६-०६६३९ | २०७६/०६/१० | पर्सा | हरिशंकर प्रसाद कुर्मी | मोहन कुमार पटेल | /सोहन राउत कुर्मी | हरिशंकर प्रसाद कुर्मी |
| १४ | लंगडी | आरती कुमारी | पकहामैनपुर-१, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-७६-०५८७३ | २०७६/०५/१७ | पर्सा | रामदुलार कुमार कुशवाहा | अभिमन्यु कुमार कुशवाहा | /अम्बिका महतो कोईरी | रामदुलार कुमार कुशवाहा |
| १५ | लंगडी | चिन्ता देवी | धोरे-७, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४३०५७/३५ | २०६४/०१/०७ | पर्सा | अम्बिका महतो कोईरी | जनक महतो | /दोवत महतो | अम्बिका महतो कोईरी |
| १६ | लंगडी | कृस्णनाउती देवी | पोखरिया-१, पर्सा | पोखरिया-१, पर्सा | २२८८ | २०५६/०४/०३ | पर्सा | लालबाबु राउत कुर्मी | हरिहर राउत कुर्मी | /भोज राउत कुर्मी | लालबाबु राउत कुर्मी |
| १७ | लंगडी | प्रियांका देवी पासवान | हरिहरपुर-८, पर्सा | धोबिनी-३, पर्सा | ३४-०१-७२-०७६२४ | २०७२/१२/१६ | पर्सा | सुशील कान्त पासवान | महेन्दर हजरा दुसाध | /राजदेव हजरा | सुशील कान्त पासवान |
| १८ | लंगडी | गुलावती देवी तत्वा | धोरे-८, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४१०२७/२४२ | २०६७/११/१० | पर्सा | सुरेश दास तत्वा | सहदेव दास तत्वा | /चन्द्रिका दाश तत्वा | सुरेश दास तत्वा |
| १९ | लंगडी | उर्मिला देवी तत्वा | बसन्तपुर-३, पर्सा | पोखरिया-३, पर्सा | ६२४६ | २०६२/०४/२० | पर्सा | बुधन दास तत्वा | प्रभु दास तत्वा | /हिरादास तत्वा | बुधन दास तत्वा |
| २० | लंगडी | जागोदेवी तेली | महुवन-४, पर्सा | सखुवाप्रसौनी-५, पर्सा | ३४३०५०/२१४ | २०६४/०१/०९ | पर्सा | मिश्री लाल सा तेली | मुखलाल सा तेली | /रामसुन्दर सा तेली | मिश्री लाल सा तेली |
| २१ | लंगडी | सिता देवी | धोडदौड पिप्रा-१, पर्सा | धोबिनी-३, पर्सा | ३४३०३१/२२१ | २०६४/०१/१३ | पर्सा | मुना साह तुरहा | जिउत साह तुरहा | /रामबालक साह तुरहा | मुना साह तुरहा |
| २२ | लंगडी | ललिता देवी | बिनदबासिनी-८, पर्सा | वीरगंज-१९, पर्सा | ३४३०२०/१९० | २०६३/११/१५ | पर्सा | दिनानाथ महरा चमार | जगं बहादुर राम चमार | /कैलाश महरा | दिनानाथ महरा चमार |
| २३ | लंगडी | शुशिला देवी कोईरी | मुडली-३, पर्सा | कालीकामाई-१, पर्सा | ३४३०५४/८ | २०६४/०१/११ | पर्सा | ओम प्रकाश प्रसाद काईरी | शिव पुजन महतो | /सर्वजीत महतो | ओम प्रकाश प्रसाद कोईरी |
| २४ | लंगडी | अनिता देवी | प्रसौनीभाठा-२, पर्सा | बिनदबासिनी-५, पर्सा | ३४-०१-७३-०४३२९ | २०७३/०३/२९ | पर्सा | लक्ष्मी हजरा | कमल हजरा दुसाद | /बदरी हजरा | लक्ष्मी हजरा |
| २५ | लंगडी | पुजा देवी | प्रसौनीभाठा-२, पर्सा | बिनदबासिनी-५, पर्सा | ३४-०१-७२-०२१३० | २०७२/०३/०९ | पर्सा | गोरकनाथ दास तत्वा | झोठी दास तत्वा | /रामचन्द्र दास तत्वा | गोरकनाथ दास तत्वा |
| २६ | लंगडी | रिता देवी तुरहा | सम्भौता-४, पर्सा | छिपहरमाई-२, पर्सा | ८१८८३५३० | २०५९/०८/२९ | पर्सा | दुखि कुमार तुरहा | जिउत साह तुरहा | /जनक देव साह तुरहा | दुखि कुमार तुरहा |
| २७ | परवानीपुर | वबिता देवी गिरी | पिडारीगुठी-९, पर्सा | बि.म.न.पा-१४, श्रीपुर, पर्सा | ५३९५ | २०६१/१०/२० | पर्सा | प्रमोद गिरी | रामजी गिरी | /गोपाल गिरी | रिन्कु देवी |
| २८ | परवानीपुर | कलावती देवी | बिरगंज-१४, पर्सा | बि.म.न.पा.-१४, श्रीपुर, पर्सा | २८४७ | २०४६/०३/०७ | पर्सा | पारस गिरी | बिन्दा गिरी | /रामजित गिरी | रामपुकार गिरी |
| २९ | परवानीपुर | पार्वती गिरी | बिरगंज-१४, पर्सा | बि.म.न.पा.-१४, श्रीपुर, पर्सा | ६९१२ | २०६७/०७/१७ | पर्सा | पर्मा गिरी | पारस गिरी | /रामजित गिरी | स्मृती सिंह |
| ३० | परवानीपुर | ईन्दु देवी लोहार | बिरगंज-१४ पर्सा | बि.म.न.पा.-१४, श्रीपुर, पर्सा | ६५४ | २०५१/०२/१९ | पर्सा | प्रेमचन्द्र ठाकुर लोहार | रामअगीया ठाकुर लोहार | /ऋषिदेव ठाकुर लोहार | प्रेमचन्द्र ठाकुर लोहार |
| ३१ | परवानीपुर | कान्ती देवी थरुनी | जगरनाथपुर-९, पर्सा | बि.म.न.पा.-१६, राधेमाई, पर्सा | ३८७०३७७६ | २०६१/०३/२४ | पर्सा | छोटी चौधरी थारु | नथुनी दास | /ननकिसोर चौधरी | छोटी चौधरी थारु |
| ३२ | परवानीपुर | राम्भा देवी | मसिहानी-६, पर्सा | बि.म.न.पा.-१६, राधेमाई, पर्सा | ३४३०५२/८३ | २०६३/१२/२३ | पर्सा | रामदेव पडित कुम्हाल | रामप्रसाद पडित | /कन्हाई पंडित | बृजी पंडित कुम्हाल |
| ३३ | परवानीपुर | रमाउती देवी | बिरुवागुढी-८, पर्सा | बि.म.न.पा.-२४, रामगढवा, पर्सा | १३२५ | २०६५/१०/२९ | पर्सा | मुनीलाल महतो केवट | सुखाडी महतो केवट | /सुखाडी महतो केवट | मुनीलाल महतो केवट |
| ३४ | परवानीपुर | मन्जु देवी | बंजरीया-६, बारा | प्रसौनी.गा.पा.-७, बंजरीया, पर्सा | ३३-०१-७१-०७६५७ | २०७१/१२/१० | बारा | मनोज महतो धानुक | राजदेव महतो धानुक | /सुखाडी महतो धानुक | मनोज महतो धानुक |
| ३५ | परवानीपुर | रिता देवी धानुक | बंजरीया-६, बारा | प्रसौनी.गा.पा.-७, बंजरीया, पर्सा | ३३२०८६/२७५६ | २०६३/११/२० | बारा | हरिनारायण महतो | खेदु महतो धानुक | /भजन महतो धानुक | हरिनारायण महतो |
| ३६ | परवानीपुर | एतवरिया देवी मलाहिन | प्रसौनी-७, बारा | प्रसौनी.गा.पा.-७, बंजरीया, पर्सा | ३३-०१-७५-०५३८६ | २०७५/०६/०४ | बारा | मोतीलाल सहनी मलाह | देवकी सहनी मलाह | /दशरथ सहनी मलाह | मोतीलाल सहनी मलाह |
| ३७ | परवानीपुर | लतिफा खातुन | लिपनीमाल-८, बारा | परवानीपुर.गा.पा.-४, चैनपुर, पर्सा | ३३३०९८/१२३ | २०६३/११/२९ | बारा | ईदिस मिया धोवी | रफिक मिया | /रफिज मिया धोवी | ईदिस मिया धोवी |
| ३८ | परवानीपुर | चन्दा देवी | नितनपुर-१, बरा | जितपुर सिमरा -१०, नितनपुर, पर्सा | ३३३०७८/९९ | २०६३/१२/०१ | बारा | मेघराज हजरा दुसाद | रोवन हजरा | /रौदी हजरा दुसाद | मेघराज हजरा दुसाद |
| ३९ | परवानीपुर | प्रभावती देवी | बंजरीया -२, बारा | प्रसौनी.गा.पा.-७, बलुवा, पर्सा | ३३३०८६/२७८० | २०६३/१२/०१ | बारा | मुनिलाल महरा | रुदल महरा चमार | /मुनेसर महरा | मुनिलाल महरा |
| ४० | परवानीपुर | संगिता देवी कोईरी | लालपर्सा-२, पर्सा | बि.म.न.पा.-३०, लाल पर्सा, पर्सा | ५३१११३६४ | २०५२/०६/१० | पर्सा | राम ज्ञान महतो कोईरी | रामवृक्ष महतो | /कैलाश महतो कोईरी | राम ज्ञान महतो कोईरी |
| ४१ | परवानीपुर | इनरकली देवी मलाहीन | बगही-३, पर्सा | बि.म.न.पा.-३०, बगही, पर्सा | ०४४६३३६६ | २०६३/०७/२९ | पर्सा | राम नाथ सहनी | जिता सहनी मलाह | /राधा सहनी | मनोज महतो सहनी |
| ४२ | परवानीपुर | जीवन जोती चौधरी | बगही-१, पर्सा | बि.म.न.पा.-३०, बगही, पर्सा | १००४/३११ | २०६६/१०/२६ | पर्सा | बैजनाथ सहनी मलाह | बद्री सहनी मलाह | /बिल्टु सहनी मलाह | बैजनाथ सहनी मलाह |
| ४३ | परवानीपुर | सुनिता देवी गोढीन | करैयामाई -२, बारा | जितपुर सिमरा -९, राजानगर, पर्सा | ३३१०३१/१५६९७ | २०६६/०७/०४ | बारा | दिपेन्द्र सहनी | श्यामसुन्दर सहनी गोढीन | /जिवननन्दन सहनी | नविन कुमार सहनी |
| ४४ | परवानीपुर | श्याम सुन्दर सहनी | नितनपुर-८, बारा | जितपुर सिमरा -९, रमैली, पर्सा | ३३३०७९/४५ | २०६३/११/११ | बारा | सकली देवी | सुदामा सहनी | अच्छेलाल सहनी | सकली देवी |
| ४५ | परवानीपुर | सकली देवी | भवानीपुर जितपुर-९, बारा | जितपुर सिमरा -९, रमैली, पर्सा | ३३३०७९/२५८ बारा | २०६३/१०/१५ | बारा | श्याम सुन्दर सहनी | अच्छेलाल सहनी | /सुदामा सहनी | श्याम सुन्दर सहनी |
| ४६ | परवानीपुर | राम प्रसाद सहनी गोढी | जितपुर सिमरा -८, बारा | जितपुर सिमरा -९, रमैली, पर्सा | ३३-०२-७६-०२१९५ | २०७६/०५/१८ | बारा | - | श्याम सुन्दर सहनी | सुदामा सहनी | श्याम सुन्दर सहनी |
| ४७ | परवानीपुर | रमावती देवी | भवानीपुर जितपुर-८, बारा | जितपुर सिमरा -९, लोसान्डा, पर्सा | ३३३०७९/३१७८२ | २०६८/०२/०९ | बारा | मुनिलाल राम | रामानाथ महरा चमार | /शिवलारायण राम चमार | मुनिलाल राम |
| ४८ | परवानीपुर | रैबुन नेशा खातुन | बिरगंज-११, पर्सा | बि.म.न.पा.-१४, श्रीपुर, पर्सा | १६०३२५१६६ | २०५५/०७/११ | पर्सा | नेक महमद मिया | महमद शहिद मिया | /महमद सहिद मिया | नेक महमद मिया |
| ४९ | परवानीपुर | हसिना खातुन | बिरगंज-२९, पर्सा | बि.म.न.पा.-२९, रतनपुर, पर्सा | ३४-०१-७५-१६३८७ | २०७५/११/०१ | पर्सा | नवदीन मिया अंसारी | हैबत मिया | /ईस्लाम मिया | नवदीन मिया अंसारी |
| ५० | परवानीपुर | रिना देवी राउत | बसडिलवा-१, पर्सा | बि.म.न.पा.-२९, बसडिलवा, पर्सा | ३४३०१२/५०२ | २०६३/१२/१० | पर्सा | देउ शंकर राउत कुर्मी | भाग्य नारायण राउत | /रामबालक राउत कुर्मी | देउ शंकर राउत कुर्मी |
| ५१ | परवानीपुर | अनिता देवी | बिरगंज-१४, पर्सा | बि.म.न.पा.-११, पर्सा, पर्सा | ७२६६ | २०६७/०८/१९ | पर्सा | जितेन्द्र ठाकुर लोहार | शंकर ठाकुर लोहार | /रामनाथ ठाकुर लोहार | जितेन्द्र ठाकुर लोहार |
| ५२ | परवानीपुर | शिला देवी | सुगौली विर्ता-७, पर्सा | बि.म.न.पा.-२६, सुगौली, पर्सा | ३४१०७८/५५० | २०६७/१२/१६ | पर्सा | रमुन राउत | बैजनाथ राउत कुर्मी | /हरिनरायण राउत | रमुन राउत |
| ५३ | परवानीपुर | शम्भु देवी | सुगौली विर्ता-८, पर्सा | बि.म.न.पा.-२६, सुगौली, पर्सा | ९०६३१२९८ | २०५४/१२/०३ | पर्सा | लखराज ठाकुर | लखन राम ठाकुर | /मुनी ठाकुर | लखराज ठाकुर |
| ५४ | परवानीपुर | मान्ती देवी तत्मा | प्रसौनीविर्ता-५, पर्सा | बि.म.न.पा.-२१, प्रसौनी विर्ता, पर्सा | ८१११ | २०६४/०२/२९ | पर्सा | भुषण दास तत्मा | बाबुलाल दास | /कन्चन दास | भुषण दास तत्मा |
| ५५ | सुवर्णपुर | गायत्री देबी | जितपुर-५ ,पर्सा | जिराभवानी-३ जितपुर , पर्सा | ३४३०४१/१६० | २०६३/१२/०८ | पर्सा | शंकर महतो थारु | तुलसी राउत थारु | रविन्द्र महतो थारु | जगिया देवी थरुनी |
| ५६ | सुवर्णपुर | सुनिता देबी | जितपुर-५ ,पर्सा | जिराभवानी-३ जितपुर , पर्सा | ३४-०१-७१-०२९८७ | २०७१/०३/३२ | पर्सा | भिखम चौधरी थारु | लगन महतो थारु | बिगा चौधरी थारु | भिखम चौधरी थारु |
| ५७ | सुवर्णपुर | फुलपति देबी | सोनवर्षा-८ , पर्सा | जिराभवानी-३ जितपुर , पर्सा | ८२८० | २०६७/१२/१४ | पर्सा | मोना सिहं भुजेल | नथुनि गुरो थारु | मदन सिह भुजेल | रुशका कुमारी |
| ५८ | सुवर्णपुर | उर्मिला देबी | सेढवा-७ , पर्सा | जिराभवानी-२ सेढवा ,पर्सा | ३४ ०१ ७३ ०९६५७ | २०७३/०९/१२ | पर्सा | भुनेशवर राम चमार | नागेश्वर राम | बालदेव महरा चमार | भुनेश्वर राम चमार |
| ५९ | सुवर्णपुर | लक्ष्मीनदेबी थरुनी | पटेर्वा सुगौली-४ पर्सा | पटेर्वा सुगौली-४ पर्सा | ३४३०६०/०९९ | २०६३/१०/०५ | पर्सा | खेमराज पंजियार | देवनन्दन महरा | जय नारायण पंजियार | खेमराज पंजियार |
| ६० | सुवर्णपुर | पन्चमी देबी थरुनी | पटेर्वा सुगौली-७ पर्सा | पटेर्वा सुगौली-४ पर्सा | ३४१०६० ३३१ | २०६८/०२/०१ | पर्सा | संजय दास थारु | रामबालक खवास थारु | बिगा दास थारु | संजय दास थारु |

सम्पादकीय

# भारतीय सीमा क्षेत्रका नेपाली युवतीको मायाजाल समस्यामा

नेपाल र भारतबीचको खुला सिमाना तथा सांस्कृतिक समानताले गर्दा दुई देशका नागरिकबीच वैवाहिक सम्बन्ध स्थापित हुनु सामान्य मानिन्छ। तर, पछिल्लो समय भारतीय सीमा क्षेत्रका नेपाली युवतीहरू भारतीय युवाहरूसँगको प्रेम सम्बन्धमा परेर विवाह गर्दा विभिन्न समस्यामा फस्ने क्रम बढ्दो छ। सामाजिक सञ्जालको बढ्दो प्रयोग र प्रविधिको दुरुपयोगले गर्दा अपरिचित व्यक्तिहरूसँगको सम्बन्ध द्रुत गतिमा विवाहमा परिणत हुने र त्यसपछि वैवाहिक जीवनमा जटिलताहरू देखा पर्ने गरेका छन्। यसले गर्दा धेरै नेपाली युवतीहरूको घरजम नै समस्यामा परेको छ।

विवाहपश्चात् नेपाली बुहारीहरूले भारतीय घरमा दाइजोको निहुँमा वा अन्य कारणले घरेलु हिंसाको सामना गर्नुपरेको घटनाहरू सार्वजनिक भइरहेका छन्। कतिपय अवस्थामा उनीहरूलाई शारीरिक र मानसिक यातना दिइन्छ, जसले गर्दा उनीहरूको जीवन कष्टकर बन्ने गरेको छ। कानूनी कागजात, विशेषगरी नागरिकता र विवाह दर्ताको अभावमा उनीहरूले भारतीय कानूनअनुसार न्याय पाउन कठिन हुन्छ। माइती पक्षबाट टाढा हुनु र अपरिचित परिवेशमा एक्लो महसुस गर्नुले हिंसा सहनुपर्ने बाध्यता सिर्जना गर्छ, जसले गर्दा उनीहरू थप जोखिममा पर्छन्।

दुई देशको फरक कानूनी प्रणाली र प्रक्रियागत जटिलताहरूले यस्ता अन्तरदेशीय विवाहमा समस्या उत्पन्न हुँदा समाधान खोज्न झनै चुनौतीपूर्ण बनाउँछ। धेरैजसो घटनामा विवाह दर्ता नगरिने हुँदा महिलाहरूले आफ्नो वैवाहिक अधिकार दाबी गर्न सक्दैनन्। यसले गर्दा उनीहरू कानूनी रूपमा कमजोर बन्छन् र हिंसाको शिकार भए पनि न्यायको पहुँचबाट वञ्चित हुन्छन्। यस प्रकारको कानूनी शून्यताले पीडित महिलाहरूलाई थप असुरक्षित बनाउँछ र उनीहरूको भविष्यमाथि गम्भीर प्रश्नचिन्ह खडा गर्छ।

घरेलु हिंसा सहन नसकेर नेपाल फर्किने युवतीहरूको संख्या बढ्दो छ। तर, उनीहरूलाई समाज र परिवारले सहजै स्वीकार गर्न नसक्ने सामाजिक चुनौती पनि उत्तिकै छ। कतिपय अवस्थामा उनीहरूलाई समाजले हेय दृष्टिले हेर्ने र परिवारले बोझका रूपमा लिने गर्छ। यसका साथै, यस्ता सम्बन्धबाट जन्मिएका सन्तानको भविष्य र नागरिकताको सवाल झनै जटिल बन्ने गरेको छ, जसले गर्दा उनीहरू राज्यविहीनताको अवस्थामा पुग्ने जोखिम रहन्छ।

यस गम्भीर समस्याको समाधानका लागि तत्कालै ठोस कदम चाल्न आवश्यक छ। सीमा क्षेत्रका नेपाली युवतीहरूलाई सम्भावित जोखिमबारे सचेत गराउन सचेतना अभियानहरू सञ्चालन गरिनुपर्छ। दुवै देशका सरकारले अन्तरदेशीय वैवाहिक समस्या समाधानका लागि एक संयन्त्र निर्माण गरी कानूनी सहायता र परामर्श सेवा उपलब्ध गराउनुपर्छ। विवाहपूर्व केटाको पृष्ठभूमि र परिवारको बारेमा राम्रोसँग बुझ्ने र विवाह दर्ता अनिवार्य गर्ने प्रावधानलाई कडाइका साथ लागू गर्नुपर्छ। यसले मात्र नेपाली युवतीहरूको वैवाहिक जीवन सुरक्षित र मर्यादित बनाउन मद्दत पुग्नेछ।

# सांस्कृतिक पर्वः ‘चैत बारुवाँ, सोरुवाँ र बिसुवाँ’

**शुरबहादुर सिंह/रासस**

‘चैता बारुवाँसम्म घर आएन भने जुम्ली म¥यो भुनि जान्नु’ अर्थात् (चैतको १२ गतेसम्म पनि घर पुगेन भनेर जुम्लीको मृत्यु सुनिश्चित गर्नु)। यो कर्णालीको जनजीवनमा आधारित यथार्थ र कारुणिक कथन हो। कथनी भए पनि करणीसँग मेला खाने यस भनाइले यहाँको सामाजिक र सांस्कृतिक जीवनसँग अन्तरसम्बन्ध राख्दछ।

खासगरी असोज कात्तिकमा धान, कोदो, फापरलगायतका बाली भण्डारण गरेर कालापहाड जाने कर्णालीवासीको जीवनशैलीसँग अन्तरसम्बन्धित कथा बोकेको ऐतिहासिक महत्वको दिन हो, चैत १२ गते अर्थात् बारुवाँ। यसलाई जुम्लाले विशेष महत्व दिएर ‘मुठो रोपेर मुरी उत्पादन’ गर्ने शुभदिनका रुपमा मनाउने गर्दछ। कर्णाली प्रदेश सरकारले राजपत्रमै प्रकाशन गरेर २०७६ चैतको १२ गतेलाई जुम्लाको धान दिवस मनाउने गरी सार्वजनिक विदा दिँदै आएको छ। त्यसै अनुसार धान दिवसका रुपमा जुम्लालाई चैत १२ गते सार्वजनिक विदा दिइन्छ। यही दिनबाट धानको बीउ उमार्न कृषकहरुले चार–चार दिनको फरक पारेर बेर्नामा छर्ने बीउ तयार पार्दछन्।

कर्णालीका संस्कृतिसम्बन्धी जानकार रमानन्द आचार्यका अनुसार जुम्लाले चैत महिनालाई ‘बारुवाँ (१२ गते), सोरुवाँ (१६ गते) र बिसुँवा (२० गते)’ पर्वका रुपमा मनाउँछ। चैत १२ गते नदी वा खोला किनारको पानीमा धान भिजाउने, चैत १६ त्यहाँबाट निकाल्ने र चैत २० गते आलीमा बीउ छर्ने दिन सामाजिक तथा सांस्कृतिक दृष्टिले सम्पन्न मानिन्छ। यो पर्व अहिले पनि विद्यमान छ र नागरिकले यसलाई निरन्तरता दिइरहेका छन्। खासगरी आज जुम्ली किसानहरुले वर्षभरि लगाउने सबै खेतबारीमा रोप्न मिल्ने आँकलन गरी त्यही परिमाणमा कालीमार्सी धान केलाएर पुष्ट धानलाई भाँगो वा अल्लाबाट बनेको बोरोमा हालेर नजिकैको नदी वा खोलामा भिजाउने परम्परा रहेको आचार्यले बताउनुभयो।

बारुवाँमा भिजाइएको धानलाई चार दिनपछि सोरुवाँ (चैत १६) गतेका दिन पानीबाट उतारेर घरमा ल्याउँछन्। भिजाइएको धानलाई घरको चुल्होसँग जोडिएको मैडो(समथर ठाउँ)मा राख्छन्। सल्लाको झुप्रा वा भोजपत्रले त्यसलाई ढाकेर न्यानो बनाउँछन्। त्यही दिनमा भिजाइएको धानको चिउरा कुट्छन् र पोइलीमा गएकी छोरी बहिनीहरुलाई कोशेलीका रुपमा पठाउने गर्दछन्।

विशेषतः बारुवाँ पर्व, चन्दननाथ बाबा र लक्षालकृति पैकलोबीच अन्तरसम्बन्ध रहेको जानकार आचार्यले बताउनुभयो। ‘प्रदेश सरकारले बारुवाँलाई केन्द्रित गरी जुम्लामा सार्वजनिक विदा दिएर बारुवाँ संस्कृतिको ऐतिहासिक बिरासत जोगाएको छ,’ उहाँले भन्नुभयो, ‘बारुवाँले मार्सी धानको शुभारम्भ, यसको खोज र उत्पादनको इतिहासलाई पल्टाउँछ।’ उहाँका अनुसार साके सम्वत् १५१५ मा विद्धान हरिदास आचार्यले लेखेको ५० श्लोकको ‘सिद्ध पञ्चाशती’ मा पनि कालीमार्सी धान जुम्लामा उत्पादन भएको ब्याख्या गरिएको छ।

पन्ध्रौँ शताब्दीतिर चन्दननाथ बाबाले आफ्नो अध्ययन, खोज तथा अनुसन्धान कालीमार्सी धान पत्ता लगाएको पाईन्छ। किवदन्ती अनुसार तातोपानी गाउँपालिकामा जन्मेको लक्षालकृति पैकलो (शूरबीर)ले तातोपानीकै लाक्षु जिउलोको बीचमा अवस्थित गुरु फोक्टो (गह्रो)बाट कालीमार्सी धानखेती शुरुवात गरेको इतिहासमा उल्लेख भएको उहाँको भनाई छ।

को हुन् लक्षालकृति पैकेलो ?

किंवदन्ती अनुसार लक्षालकृति पैकेलो चन्दननाथ बाबाको आज्ञाकारी चेलो थिए। यद्यपि तातोपानी गोप्थडा गाउँनिवासी सन्तानविहीन बुँदे बुढा वनमा निगाला लिन जाँदा रोइरहेका बालक भेटाएपछि घरमा ल्याएर धर्म छोरो बनाएका थिए। उनले दानुवा दह नजिकको दानसाँघु भिट्टो (डाँडो), हालको जुम्ला सदरमुकामको यावा दहसँग जोडिएको खलाचौर भिट्टो र लामी रहसँग जोडिएको बाँजाराउला भिट्टो काटेर जुम्लामा मानव बस्ती बसाल्नुका साथै धानखेती शुरु गरेका थिए भन्ने भनाइ छ।

इतिहासकारहरुलाई उदृत गर्दै आचार्यले लक्षालकृति एक असाधारण, शक्तिशाली, पराक्रमी एवम् परिश्रमी व्यक्ति भएको र उनले गरेको मार्सी धान खेतीपछि साविकका कर्णालीका अन्य जिल्लामा पनि फैलिएको बताउनुभयो। लक्षालकृति पैकलोले धानखेती शुरु गरेको गुरु फोक्टो रहेको जिउलोको नाम लाक्षु रहेकाले जुम्लाका चौधबीस, असी, सिञ्जा दरा (भेक) बाहेक पाँच सय दरामा कालीमार्सी धान उब्जनी गर्न थालिएको उहाँको भनाइ थियो।

तातोपानी गाउँपालिकाका पूर्वअध्यक्ष नवराज न्यौपानेले सामाजिकसहित सांस्कृतिक बिरासत बोकेको बारुवाँ (चैत १२) ले कर्णालीको आत्मनिर्भरतालाई समेत जोड दिँदै आएको बताउनुभयो। आत्मनिर्भर एवम् स्वाभिमानी जीवन जीउन, मेहनत, परिश्रम गरेर खाने संस्कारलाई बढावा दिनुका साथै बेला चुकाउनेले अन्तमा गएर चुकचुकाउने (पश्चाताप) गर्ने सिवाय केही गर्न सक्दैन भन्ने अर्थपूर्ण सन्देश पनि नागरिकमा प्रवाह गर्दै आएको उहाँले जनाउनुभयो।

उहाँले भन्नुभयो, ‘हाम्रो खेती प्रणाली र पर्यावरण बचाउन हामीले मान्दै आएका संस्कृतिले ठूलो सहयोग पु¥याउँदै आएका छन्। यद्यपि आधुनिकताको तीव्र विकासले मौलिक संस्कृतिहरु लोप मात्र होइन, हामी नागरिकमा परनिर्भरता बढ्दै गएको छ।’ ब्यूटाकलरको प्रयोगपछि त्यसको असर सहन नसकेको कालीमार्सी पछिल्लो समयमा लोपोन्मुख अवस्थामा पुगेकोले नागरिकमा चिन्ता बढेको उहाँले बताउनुभयो।

नेपाल कृषि अनुसन्धान केन्द्रले पुरानो र नयाँ प्रविधिको संयोजनबाट कालीमार्सीको साख बचाउनुपर्ने र सबै तहका सरकारहरुको संलग्नतामा यसको संरक्षण, सम्बद्र्धन र प्रवद्र्धन हुनुपर्ने पूर्वअध्यक्ष न्यौपानेले सुझाउनुभयो। उहाँका अनुसार कालीमार्सीको संरक्षणसँगै यहाँका रैथानेबालीहरु कोदो, सिमी, फापर, चिनो, कागुनो, मार्से र उवाको संरक्षण तथा प्रवद्र्धनमा सहयोग पुग्न सक्छ।

बारुवाँ, सोरुवाँ, बिसुवाँ र सामाजिक जीवन

बारुवाँ र सामाजिक जीवनको आफ्नै अन्तरसम्बन्ध छ। बारुवा पर्व मात्र नभई कर्णालीको समग्र खेती प्रणाली, यहाँका मान्ठ (नागरिक)हरुको दिनचर्यालाई यथार्थरुपमा चित्रण गर्ने सामाजिक एवम् मौलिक महत्वको दिन हो। यसको सामाजिक तथा साँस्कृतिक महत्वले जुम्लाईतरको इतिहास र वर्तमान अवस्थाको तुलनात्मक ढङ्गबाट अध्ययन एवम् अनुसन्धान गर्न मुखरित गर्दछ। बारुवाँले जुम्ली घर आउने कुरासँग मात्र सम्बन्ध राख्दैन। उनीहरुको चालचलन, भेषभूषा, रितिरिवाज, संस्कार, जीवनशैली र उतिबेलादेखि आजसम्मको कर्णालीको वास्तविकता सरल तवरबाट कोट्याउन उत्प्रेरित गर्दछ।

जुम्लीको छ महिनाको कहालीलाग्दो कालापहाड यात्रा, त्यो अवधिमा भोगेका तीता क्षणहरु, परदेशीको पर्खाइमा बस्ने परिवार, घर फिर्तिपछिको मिलन, खुशी र रोदनको निर्धारण पनि यही बारुवाँले गर्दथ्यो। त्यो परिवेश आजसम्म पनि कायम छ। फरक यतिमात्र हो, अहिले चैत १२ गतेको दिन भेट्न जुम्लाका मान्ठहरु गाडीमा आउँछन्, उतिबेला महिनौ दिनको पैदल यात्रापछि चैत ११ गतेसम्म घर पुग्ने गर्दथे। डेढ दशक अघिसम्म साविक कर्णाली पैदल यात्राकै भरमा जुम्ला पुग्थ्यो। आज करिब घरसम्मै मोटर पुग्छ। तर उतिबेला चैतको १२ गते कसैको घरमा निकै खुशीयाली हुन्थ्यो भने कसैको घरमा रुवाबासी। कालापहाड गएको छ महिनापछि परदेशी घर नफर्कंदा एकै छिमेकका परिवारमा कसैले श्रीमान, कसैले छोरा त कसैले बाउ, दाइभाइ, काका, भान्जा, देवर गुमाएको हुन्थ्यो।

आफ्नो सदस्य गुमाएको परिवारको कारुणिक दृश्यले छिमेकीलाई पनि स्तब्ध बनाउँथ्यो। अघिल्लो दिन मखमली चोलो, धोती (गाबुन), पटुका, चुरापोते, चुलठीलगायतले सुन्दर पहिरनमा सजिएकी महिला क्षणभरमै फेरिएको सेतो पहिरनले विरुप बन्न विवश हुन्थिन्। परदेशीको अनागमनले आशातीत परिवारको एकाएक खुशी लुटिन्थ्यो। उनीहरुको आशा सधैँका लागि सकिएर जान्थ्यो।

यद्यपि मौलिक एवम् विशेषतायुक्त कर्णालीको ग्रामीण संस्कार दुःखमा परेका परिवारका लागि निकै सहयोगी बन्थ्यो। छिमेकीहरुले पीडित घर परिवारलाई वर्षौंसम्म खेती किसानी, धारा पँधेरा, वस्त्र व्यवस्थापनलगायतका कुरामा सहायता गरिरहन्थे। बिडम्बना, सेतो पहिरनकी महिलाप्रति हेर्ने सामाजिक दृष्टिकोण भने निकै फरक अर्थात् कमजोर थियो। उनले हेपिएर बस्नुपर्ने बाध्यता झेलिरहनु पथ्र्यो। अपितु, अहिलेको समाज त्यो भन्दा धेरै माथि उठेको छ।

तिला गाउँपालिका–४ जुम्ला निवासी बीरबहादुर सिंहले कालापहाडमा गएर आफ्नै सहपाठीहरुले अकालमा ज्यान गुमाएको तीतो अनुभव सुनाउनुभयो। ‘जुम्लाबाट खानाखर्च, लत्ताकपडा, भाँडाकुडासहित पैदल हिडेर नेपालगञ्ज पुग्न महिना दिन लाग्थ्यो,’ सिंहले भन्नुभयो, ‘भारतमा ज्यालादारी काम गरेर छ महिनापछि बारुवाँ भेटाउनै पथ्र्यो तर साथी गुमाएर घर पुगेको दिन निकै पीडादायी हुन्थ्यो। शोकाकुल परिवारलाई कसरी सम्झाउने होला भन्ने कुराले पिरोलिनु पथ्र्यो।’

विगतमा हुलाकीको काम परेवाले गर्दथ्यो भन्ने किंवदन्ती र बिहान काग कराउँदा के खबर लिएर आयो भनेर निधो गर्ने संस्कारलाई आज सूचना, सञ्चार र नवीनतम् प्रविधिको विकासले विस्थापित गरिदिएको छ। कुनैबेला सञ्चारको निकै प्रभावकारी र भरपर्दो माध्यम मानिने हुलाक सेवाको रुपान्तरण अपेक्षित हुन नसक्दा यो सेवा पनि आजको युगमा पानासोनिक रेडियोको अवस्था पुगेको आभास हुन्छ।

शारीरिक स्पर्शबाहेक करिब सबै कामहरु आधुनिक प्रविधिले समाधान गरिरहेको छ। त्यतिमात्र होइन, यो सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता बोकेको हाम्रो मौलिक संस्कृति, संस्कार तथा सभ्यता संरक्षणमा ठूलो चुनौती बन्दै गएको छ।

प्रकृति र मौलिकतासँग जोडिएका कुरालाई संरक्षण र जगेर्ना गर्न राज्यले त्यही प्रकारको नीति तथा कार्यक्रम ल्याउनुपर्ने जुम्लाका युवा नेतृ लक्ष्मीकन्या बुढाले बताउनुभयो।

उहाँका अनुसार लोपोन्मुख अवस्थामा पुगेको काली र रातो मार्सी धान जस्ता रैथाने बालीहरु ब्लास्ट रोग (धानमा लाग्ने मरुवा रोग)को संरक्षणमा समस्या हुँदै गएको छ। यसको संरक्षण, अनुसन्धान र प्रवद्र्धनका कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मानव जीवनसँग जोडिएको संस्कृति, परम्परा र पहिचानको जीवित दस्तावेजलाई जीवन्त राख्न तीनै तहका सरकार र समुदायबीच सहकार्य आवश्यक छ।

परम्परागत ज्ञान, सीप र आधुनिक प्रविधिको संयोजनबाट यसको जगेर्ना गर्नुपर्दछ। मानवीय भावना, सामाजिक तथा साँस्कृतिक जनजीवन, परिवेश, संस्कार, मौसम, कृषि कर्म र मानव जीवन अस्तित्वसँग जोडिएको ‘बारुवाँ, सोरुवाँ र बिसुवाँ पर्व’ कर्णालीको समग्र मानव जीवनको द्योतक हो।

# ‘काचाल्का’ अर्थात् थोरै पानीले धेरै सिँचाइ गर्ने प्रविधि

**सनद अधिकारी/रासस**



कृषिलाई व्यावसायिक बनाइ कम लागतमा बढी उत्पादन सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो। नेपालका विभिन्न कृषि विश्वविद्यालय र अनुसन्धान केन्द्रले कृषिमा अध्ययन अनुसन्धान गर्दै आएका छन्। तर अधिकांश अनुसन्धानका परिणाम व्यवहारमा लागु नहुँदा ती अनुसन्धानमै सीमित भएका पनि छन्।

कृषि उत्पादनका लागि मल र बिउ उपलब्ध भएपनि सिँचाइ प्रणालीको उपयुक्त प्रयोग बिना उत्पादन सम्भव छैन। यसका लागि पानीको मात्रा, माटोको प्रकार, र बालीअनुसार सिँचाइ गर्ने तरिका निर्धारण गर्नु आवश्यक हुन्छ। कृषिलाई व्यावसायिक बनाउने उद्देश्यले, उपलब्ध प्रविधि र उपकरणलाई स्थानीय स्तरमा प्रयोगयोग्य र व्यवहारमै आधारित बनाउनु जरुरी छ। विकास भएको तर व्यापक रूपमा प्रयोगमा नआएको प्रविधि जसले उत्पादन क्षमता र लाभ दुवै बढाउँछ। त्यसको उदाहरण हो काचाल्का सिँचाइ प्रविधि (डिस्क्रेट इरिगेट सिस्टम)।

सामान्यतया ट्याङ्की वा ड्रममा पानी राखेर सतह सिँचाइ गर्दा धेरै पानी खेर जान्छ। प्रभावकारी सिँचाइ गर्न कठिन हुन्छ। तर चितवनको भरतपुर–१६, विजयनगरका प्राडा ई भगवानदास मानन्धरले विकास गर्नुभएको काचाल्का प्रविधिले बिरुवालाई आवश्यक मात्रामा पानी पु–याउँदै, थोपा–थोपा सिँचाइ गरी पानी बचत गर्न सफल भएको छ। यो प्रविधिको प्रभावकारितामा मानन्धर लामो समयदेखि जुट्दै आउनुभएको छ। उहाँले देश विदेशका विभिन्न क्याम्पसमा अध्ययन अध्यापन गर्दै प्राप्त अनुभवलाई अवकाश जीवनमा कृषि क्षेत्रमा व्यावहारिक रुपमा प्रयोग गर्नुभएको हो।

प्रविधिको विकास गरे पनि लामो समयसम्म व्यवहारमा लागू नहुँदा मानन्धर आफैँ प्रत्यक्ष रूपमा यसको प्रयोगमा जुट्नुभएको हो। उहाँले अब आफैँले गरेर देखाउँदै किसानसमक्ष यो प्रविधि पु¥याउने लक्ष्य राख्नुभएको छ। झट्ट हेर्दा यहाँको प्रणाली सामान्य सतह सिँचाइ जस्तो देखिन्छ, तर वास्तवमा यसमा लामो अनुसन्धान र परीक्षणबाट प्रमाणित प्रभावकारी सिँचाइ प्रविधि प्रयोग गरिएको छ। प्राडा मानन्धरले आफ्नो जीवनको लामो समय खर्चेर यो प्रविधि विकास गर्नुभएको हो। जसले किसानलाई पानीको खपत कम गर्दै उत्पादन र सिँचाइ दक्षता बढाउने अवसर प्रदान गर्दछ।

उहाँले आफ्नै जग्गामा सुन कागती खेती गरी यही प्रविधिबाट सिँचाइ गर्दै आउनुभएको छ। त्यसबाट काचाल्काको कार्यक्षमता प्रमाणित भएको छ। सुख्खा मौसममा लगाइने तरकारीबाली तथा अन्य बाली होस् वा बागवानीका लागि सिँचाइ सहज बनाउन उहाँले काचाल्का र क्यापिलरी सिँचाइ प्रविधि प्रयोग गर्नुभएको छ।

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर पक्लिहवा कृषि क्याम्पसलगायतका क्याम्पसमा २३ वर्ष लामो प्राध्यापन गर्नुभएका मानन्धरले आफ्नो अध्ययनको विषयलाई व्यवहारमा ल्याउन जागिर छाडेर यो प्रविधि प्रयोगमा ल्याउनुभएको हो। उहाँले यस प्रविधिबाट सिँचाइ गर्न पहिला ट्याङ्कीलाई जमिनमाथि उचाइमा राखेर, त्यहाँबाट मुल पाइप र भल्भको प्रयोग गर्दै पाइपको पानीलाई सिधा वितरण गर्नुभएको छ।

चार कठ्ठा जमिनको सिधा भागमा हरेक स्थानमा दुईवटा पानीका डब्बा बनाइएको छ। पाँच लिटर, चार लिटर र तीन लिटर क्षमताका, जम्मा १३ स्थानमा डब्बा राखिएका छन्। जसले दायाँ र बाँयाँ ढल्केर पानी पोखाएर सिँचाई गर्छ। सिँचाइका क्रममा एउटा डब्बामा पानी भरिएपछि, अर्को डब्बामा पानी भर्ने गरिन्छ। यसरी सिँचाइ गर्दा बिरुवामा कुनै असर नपर्ने र पानीको खपत कम हुन्छ। काचाल्का प्रविधिमा, ट्याङ्कीको प्रयोग गरेर पानीलाई थोपा–थोपा जस्तो नियन्त्रण गरी बिरुवालाई आवश्यक मात्रामा उपलब्ध गराइन्छ। ‘यसमा पानी खेर जाँदैन र खेतमा जम्दैन पनि। यो प्रविधि अन्य सिँचाइ प्रणालीभन्दा बढी उपयुक्त र प्रभावकारी छ,’ प्राडा मानन्धरले भन्नुभयो।

उहाँकाअनुसार काचाल्का रूसी शब्द हो, जसको अर्थ पानी व्यवस्थापनमा प्रयोग हुने एउटा सानो ट्याङ्की वा चेम्बर ढिकिच्याउ प्रकारको संरचना हो। यसले मुख्य मुहान वा ठूलो ट्याङ्कीबाट आएको पानी पाइपमार्फत काचाल्कामा जम्मा गर्छ। काचाल्का भरिएपछि पानी अर्को दिशामा बग्ने गरी व्यवस्था गरिएको हुन्छ। यो टिन, धातु, माटो, ढुङ्गा वा कंक्रिटबाट बनेको हुन्छ। सानो पोखरी वा भाँडो जस्तो देखिने काचाल्कामा पानी जम्मा हुने र बाहिर निस्कने दुईवटा भाग हुन्छन्। विशेष गरी सिँचाइ व्यवस्थामा पानीको दबाब र वितरण नियन्त्रण गर्न यसले महत्वपूर्ण भूमिका खेल्छ। ट्याङ्कीबाट गएको मुख्य पाइपमा जडान गरिएको सानो धारामा पानी खोल्ने र बन्द गर्ने सुविधा हुन्छ। सरल भाषामा भन्नुपर्दा, काचाल्का भनेको पानी जम्मा गर्ने र आवश्यकताअनुसार अर्को ठाउँमा पठाउने सानो नियन्त्रण ट्याङ्की हो।

प्राडा मानन्धरले सन् १९९३ मा विद्यावारिधी गर्ने क्रममा यो प्रविधि विकास गर्नुभएको थियो। त्यसको दुई वर्षपछि औपचारिक रूपमा यो प्रविधि प्रस्तुत गरिएको थियो। त्यतिबेला इटलीको मान्तोभामा यसको सफल परीक्षण पनि गरिएको थियो। नेपाल फर्किएपछि अध्यापनका क्रममा विद्यार्थीहरूलाई उहाँले यो प्रविधि सिकाउनुभयो, तर व्यवहारमा कसैले लागू गरेनन्। ‘कर्तव्य पूरा गर्न अब म आफैँ फिल्डमा आएको छु। मैले जागिर नै छोडेर अहिले कृषिमा लागेको छु,’ उहाँले भन्नुभयो, ‘यो प्रविधि किसानहरूसम्म व्यावहारिक रूपमा पु–याउनु नै मेरो उद्देश्य र कर्तव्य पनि हो।’

विश्वमै काचाल्का सिँचाइ प्रविधि प्रभावकारी र उपयोगी प्रविधिका रूपमा विकसित हुने प्राडा मानन्धरको दाबी छ। विश्वका अधिकांश स्थानमा खेतमा कुलोबाट सिँचाइ गर्ने प्रचलन छ। जसले बढी श्रम, खर्च र पानीको खपत गराउँछ। काचाल्का सतहमा आधारित, सिँचाइ प्रविधि हो। उहाँले भन्नुभयो, ‘काचाल्का सतहमा आधारित, मेकनाइज गरिएको सेमि–अटोमेटिक इरिगेसन सिस्टम हो, जसले बिरुवा वा खेतलाई आवश्यक मात्र पानी मात्र उपलब्ध गराउन सक्छ। खेतको आकार अनुसार पानी वितरण गर्न सकिन्छ। यो प्रविधि थोपा–स्प्रिङकलिङ प्रणालीभन्दा सस्तो छ। किसानले आफैँ निरीक्षण गरेर बिग्रिएको भाग देख्न र आवश्यक परे आफैँ बनाउन पनि सक्छन्।’

उहाँका अनुसार यस प्रविधिमा पानी नियन्त्रण गर्ने उपकरणहरू जडान गरिएको हुँदा खेतको क्षेत्रफल, माटोको बनावट अनुसार पानी वितरण गर्न सकिन्छ। काचाल्का सिँचाइ प्रविधिको सिँचाइ दक्षता करिब ९३ प्रतिशत र पानी वितरणको समानता ९५ प्रतिशत छ। इच्छुक किसानले यो प्रविधि प्रयोग गर्न चाहेमा उहाँले आवश्यक सहयोग उपलब्ध गराउने बताउनुभयो। साथै, चितवनको कृषि विकास कार्यालयमार्फत पनि इच्छुक किसानहरूले सम्पर्क गर्न सक्ने जानकारी दिनुभयो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# ‘विगतमा भएका परिवर्तन र प्रयासको मूल्याङ्कन हुनुपर्छ’



**काठमाडौं ।**
राष्ट्रियसभाका सदस्य रामकुमारी झाँक्रीले सिंहदबार, सर्वोच्च अदालतलगायत राज्यका महत्त्वपूर्ण संरचना जलाउँदा पनि केही हुँदैन भन्ने भाष्यलाई गलत सावित गर्नुपर्ने बताएकी छिन् ।

राष्ट्रियसभाको सोमबारको बैठकको विशेष समयमा दलीय आधारमा बोल्दै नेकपा (एमाले) का नेत्री झाँकीले गत भदौ २३ र २४ को को जेनजी आन्दोलन शान्तिपूर्ण थियो भन्ने नाममा ऐतिहासिक संरचनाहरू जलाइनुको उत्तर कसले खोज्ने भन्ने प्रश्न सृजना भएको टिप्पणी गरिन् ।

सो सभामा निर्वाचित भएपछि सभामा पहिलो पटक बोल्दै उनले युवालाई कसले प्रयोग गरे भन्ने निष्पक्ष छानबिन हुनुपर्ने र राज्यलाई उत्तरदायी बनाउनुपर्नेमा जोड दिइन् ।

उनले विगतमा सबै ठीक थियो वा सबै गलत थियो भन्ने भाष्य पनि सही नभएको उल्लेख गर्दै समाजको विकासक्रमसँगै भएका परिवर्तन र प्रयासको मूल्याङ्कन हुनुपर्ने पनि बताइन् । उनले नवयुवालाई लोकतान्त्रिक शासनकालमा भएका प्रयासबारे बुझाउँदै कमजोरीलाई सुधार्ने काममा कमजोरी भएको बताइन् । रासस

# मातृभूमिमा लगानी गर्न
# राष्ट्रपतिको आह्वान



**काठमाडौं ।**
राष्ट्रपति रामचन्द्र पौडेलले नेपालमा रहेको लगानीको अपार सम्भावनाको सदुपयोग गर्न र आफू बसोबास गरेको मुलुकका लगानीकर्तालाई मातृभूमिमा लगानीका लागि अभिप्रेरित गर्न गैरआवासीय नेपालीलाई आग्रह गरेका छन् ।

राष्ट्रपति भवन शीतल निवासमा सोमबार गैरआवासीय नेपाली सङ्घका नवनिर्वाचित पदाधिकारीसँगको भेटमा उनले नेपाललाई सुशासन विकास र समृद्धितर्फ लैजान तथा अन्तर्राष्ट्रिय जगत्मा नेपालको प्रतिष्ठा बढाउन आग्रह गरे ।

राष्ट्रपति पौडेलले भने, ‘नेपालमा जलविद्युत्, पर्यटन, कृषि, पूर्वाधार, सूचना तथा सञ्चार, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा लगानीको ठूलो सम्भावना छ, भारत र चीनजस्ता विश्वकै ठूलो जनसङ्ख्या र बृहत् बजारहरू हाम्रा समीप र पहुँचमा छन्, यस्तो अवस्थामा, नेपाल आर्थिक विकासका लागि चाहिने पूर्वाधार, औद्योगिकीकरण र आन्तरिक उत्पादनलगायतको विकासमा केन्द्रित हुनुपर्दछ ।’

भर्खरै सम्पन्न प्रतिनिधिसभाको निर्वाचनबाट मुलुकको विषम र जटिल परिस्थितिले एउटा निकास पाएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले अब मुलुकमा सुशासनको माध्यमबाट सामाजिक न्यायसहितको विकास र समृद्धितर्फ अग्रसर हुन जनताले मतादेश दिएका बताए । उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका निश्चित मूल्य मान्यता, सिद्धान्त र दर्शनलाई अङ्गिकार गरेर अघि बढ्नुपर्ने खाँचो औँल्याउनुभएको राष्ट्रपतिको सचिवालयले जनाएको छ ।

राष्ट्रपति पौडेलले आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घालाई साहित्यिक पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास गर्न गुरुयोजना बनाएर काम अघि बढेको उल्लेख गर्दै त्यसमा गैर आवासीय नेपाली सङ्घले आफ्नोतर्फबाट सहयोग गर्ने नै छ भन्ने विश्वास व्यक्त गरे ।

उनले गैरआवासीय नेपाली विश्वसम्मेलनबाट भर्खरै निर्वाचित अध्यक्ष, पदाधिकारीलगायत सबैलाई हार्दिक बधाई दिँदै यो समितिले संसारभर रहेका सबै गैरआवासीय नेपालीलाई समेटेर यो संस्था सबैको साझा संस्था हो भन्ने भावना जागृत गराउन सफल होस् भन्ने शुभकामना पनि दिए । सो अवसरमा सङ्घका नवनिर्वाचित अध्यक्ष डा हेमराज शर्माले संघका गतिविधि र भावी योजनाबारे प्रकाश पारेका थिए । रासस

# सदनमा सत्तापक्ष र प्रतिपक्षको एकै स्वरः वैचारिक विविधतालाई थाँती राखेर राष्ट्रियताको पक्षमा एक हौँ

**काठमाडौं ।**
सत्ता पक्ष र प्रतिपक्षका सांसदहरूले वैचारिक विविधतालाई थाँती राखेर राष्ट्रियताको पक्षमा एकताबद्ध आवाज उठाउन एक हुनुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा सत्ता र प्रतिपक्षका सांसदहरूले सांसदलाई जनताको आवाज मुखरित गर्ने थलोका रूपमा विकास गरिनुपर्ने बताए ।



राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद कविन्द्र बुर्लाकोटीले सदन, सरकार र समग्र व्यवस्थालाई समन्नुत बनाउन सभामुखले भूमिका खेल्ने विश्वास गरे । सदनमा नयाँ अनुहार मात्रै छैन, मुलुक परिवर्तन गर्ने दृढता भएका सांसदको उपस्थिति छ । नवनिर्वाचित सभामुखको नेतृत्वमा सदनले जनअपेक्षा पूरा गर्न सकोस्, उनले भने ।

रास्वपा सांसद मनिष झाले संसद चिया चौतरी मात्रै नभई गुरुकुल र विश्वविद्यालय हुनुपर्नेमा जोड दिँदै सांसदले जनताको पक्षमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने बताए । सदनमा जनताको प्रश्नको अस्तित्व हुँदैन भने सदनमा जनता नै छिर्छन्, जुन गत भदौ २४ गते नै देख्यौँ, उनले भने, नवयुवा पुस्ताको विद्रोह सम्झेर सबैले दायित्व निर्वाह गर्नुहोला ।

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले सदनलाई जति प्रभावकारी बनाउन सकियो, त्यतिनै लोकतन्त्र सुदृढ हुने बताए । लोकतन्त्रमा प्रतिपक्षको आवाज जति सशक्त र प्रभावकारी तथा रचनात्मक हुन सक्छ, त्यति नै लोकतन्त्र जीवन्त हुन्छ, उनले भने । सांसद केसीले लोकतन्त्र वादप्रतिवाद र संवादको प्रक्रिया भएको जनाउँदै हामीभित्रको वैचारिक विविधताको कटुतालाई दुष्मनीको दृष्टिकोणले लिन नपर्ने बताए । उनले भने, समग्ररूपमा हामी जे जस्तो विचार र दृष्किोण बोकेपनि सबै दलप्रति प्रतिबद्ध छौँ, तर, दलभन्दा राष्ट्रियता ठूलो हो, त्यसमा अहिले एकताबद्ध हुनुपर्ने आवश्यकता छ ।

नेपाल कम्युनिष्ट पार्टी ९एमाले०का सांसद ऐनबहादुर महरले विद्यार्थीको हकहितमा लडिरहने विद्यार्थी सङ्गठन खारेज गर्ने सरकारको निर्णय सच्याउन आग्रह गरे । विश्वका कतिपय प्रतिष्ठित विश्वविद्यालयमा समेत विद्यार्थी सङ्गठन रहेको उल्लेख गर्दै उनले विद्यार्थी सङ्गठनमाथि प्रतिबन्ध लगाएर सरकारले निरङ्कुशता प्रदर्शन गर्न खोजिरहेको बताए । एमाले सांसद विष्णुमाया विकले डिजिटल माध्यमबाट महिलामाथि हुने हिंसा न्यूनीकरणको योजना बनाउन सरकारको ध्यानाकर्षण गराइन ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद युवराज दुलालले संसद्लाई जनताको पक्षमा काम गर्ने थलोका रूपमा विकास गर्न सभामुखलाई सुझाव दिए । नवयुवा पुस्ताले मुलुकको अवस्था बदल्न अन्दोलन गरेको उल्लेख गर्दै उनले समाजवादोन्मुख राज्य व्यवस्था स्थापना गर्नेतर्फ सरकारको ध्यान जानुपर्ने बताए । श्रम संस्कृति पार्टीका सांसद ध्रुवराज राईले झण्डै दुईतिहाइ मत प्राप्त गरेको दलको नेतृत्वमा गठित सरकारले विकास र समृद्धिको जनआकाङ्क्षा पूरा गर्न सक्नुपर्ने बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुस्बु वलीले एसियाली विकास बैंक र विश्व बैंकबाट सरकारले ‘डिजिटल नेपाल ट्रान्फरमेसन प्रोजेक्ट’ र ‘दिगो र समावेशी वित्त प्रयोजनका लागि’ ठूलो मात्रामा सहुलियत ऋण स्वीकार गरेको बारेमा सदनलाई जानकारी दिन माग गरीन ।

रास्वपा सांसद गणेश पराजुलीले जनताको आवाज सुन्ने र सम्बोधन गर्ने प्रयासमा सरकारले कुनै कञ्जुस्याइँ गर्न नहुने बताए । रास्वपा सांसद निशा डाँगीले परिवर्तनको तीव्र चाहनास्वरूप जनताले रास्वपालाई अभूतपूर्व मत दिएको उल्लेख गर्दै जनताको मतको सम्मान गर्दै अघि बढ्नुपर्ने बताइन । सोही पार्टीका सांसद राम लामाले निर्वाचनमार्फत व्यक्त जनमत राजनीतिक समर्थन मात्रै नभई उत्तरदायित्वको स्पष्ट सन्देश भएकाले जनअपेक्षा पूरा गर्न लाग्नुपर्ने बताए । रास्वपा सांसद खगेन्द्र सुनारले जातीय विभेदका कारण नागरिकले अनाहकमा ज्यान गुमाउनुपर्ने अवस्था अब अन्त्य गरिनुपर्ने बताए । रासस

# ‘शेयर बजारप्रति सरकार उद्वार, धरपकड होइन सुधार’: अर्थमन्त्री वाग्ले

**काठमाडौं ।**
अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले शेयर बजारमा अनावश्यक त्रास फैलाइएको भन्दै सरकार साना लगानीकर्तालाई लक्षित गरेर कुनै धरपकड अभियानमा नरहेको स्पष्ट पारेका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन)सँग सोमबार भएको छलफलमा अर्थमन्त्री वाग्लेले शेयर बजारप्रति सरकारको नीति स्पष्ट पार्दै साना लगानीकर्तालाई आतङ्कित पार्ने गतिविधि अनुचित भएको उल्लेख गरे । सरकारले साना लगानीकर्तामाथि कारबाही गर्ने कुनै उद्देश्य राखेको छैन, उनले भने ।

उनका अनुसार नेपालमा शेयर बजार अन्य धेरै क्षेत्रभन्दा व्यवस्थित र पारदर्शी रहेको छ । पेपरलेस प्रणाली, बैंकमार्फत कारोबार, लाभांश सिधै खातामा जम्मा हुने व्यवस्था, स्पष्ट कर प्रणाली तथा खरिद–बिक्रीको ट्र्याकिङ सम्भव भएकाले यो क्षेत्र विश्वसनीय रहेको उनको भनाइ थियो । स्टक मार्केटलाई हामीले डिजिटलाइजेसनको नमूना क्षेत्रका रूपमा लिएका छौँ, उनले भने, अन्य क्षेत्रमा पनि यही मोडेल विस्तार गर्ने लक्ष्य छ ।

अर्थमन्त्री वाग्लेले शेयर बजारमा लगानीकर्तालाई ‘सम्पत्ति कहाँबाट ल्यायौँ’ भनेर सोध्ने अवस्था नरहेको स्पष्ट पार्दै सरकारले धरपकडको नीति नलिएको दोहो¥याएको छ । तर, इन्साइडर ट्रेडिङ, बजार हेरफेर (म्यानिपुलेसन) वा अन्य अनैतिक गतिविधिमा संलग्नलाई भने विद्यमान कानुनअनुसार कारबाही हुने उनले बताए ।



उनले लगानीकर्तालाई नआत्तिन आग्रह गर्दै आगामी दिनमा शेयर बजार सुधारका लागि काम अघि बढाइने जानकारी दिए । नेप्से पुनःसंरचना प्रतिवेदन अध्ययन गरी आवश्यक सुधार लागू गरिने र नीतिगत रूपमा लगानीकर्तामैत्री दृष्टिकोण अवलम्बन गरिने उनको भनाइ थियो । अहिले बजार घटेको अवस्थामा अतालिनु आवश्यक छैन, सुनौला दिन आउँदैछन्”, उनले भने, “सरकार पाँच वर्षको कार्यकालका लागि आएको हो, एक साताको उतारचढावलाई लिएर निष्कर्ष निकाल्नु उपयुक्त हुँदैन । छलफलमा अर्थमन्त्री वाग्लेले राष्ट्रिय स्वतन्त्र पार्टीको घोषणापत्रका बुँदा ३३ र ३४ कार्यान्वयनमार्फत शेयर बजारप्रति सरकारको उदार नीति पुष्टि हुने पनि उल्लेख गरे ।

उनले नेपाललाई वित्तीय कारबाही कार्यदल एफएफिएफको ‘ग्रे लिस्ट’बाट बाहिर निकाल्नु सरकारको पहिलो प्राथमिकता रहेको बताए । ‘ग्रे लिस्ट’का कारण अन्तरराष्ट्रियस्तरमा देशको छवि प्रभावित हुनुका साथै लगानी वातावरणमा नकारात्मक असर परेको उनको भनाइ थियो । हामी कागजमै सीमित रहने होइन, कार्यान्वयनको चरणमा प्रवेश गरिसकेका छौँ, उनले भने । सम्पत्ति शुद्धीकरण तथा वित्तीय अपराधका विषयमा भइरहेको अनुसन्धान दीर्घकालीन प्रमाणका आधारमा अघि बढेको उल्लेख गर्दै उनले ह्वाइट–कलर क्राइममा आर्थिक जरिवानालाई प्राथमिकता दिने नीति रहेको स्पष्ट पारे । कुनै व्यक्ति वा संस्थालाई छानेर दुःख दिने हाम्रो नियत होइन, उनले भने, हामी खुला बजार अर्थनीतिमा विश्वास गर्छौं, तर त्यो छाडा अर्थतन्त्र होइन । न्याय निरूपण अदालतमार्फत हुने उल्लेख गर्दै उनले कानुनअनुसार कसैलाई पनि कारबाहीबाट उन्मुक्ति नदिइने तर निजी क्षेत्रलाई लक्षित गरेर धरपकड नगर्ने स्पष्ट पारे । रासस

# इन्धन असहजता र बढ्दो महँगीका विषयमा ध्यानाकर्षण



**काठमाडौं ।**
राष्ट्रियसभाको सोमबारको बैठकमा सांसदहरूले इन्धनको असहजता र बढ्दो महँगीका विषयमा ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा बोल्दै सदस्यहरूले पुँजी बजारमा लगातार गिरावट आएको, सवारी दुर्घटना, पश्चिम एसियमा रहेका नेपाली कामदार, बढ्दो महँगी, बढ्दो साइबर अपराध, इन्धनको मूल्यवृद्धिका लागि मुद्रास्फिति बढेको, सरकारी कार्यालय र शिक्षण संस्थामा दुई दिन कार्यालय बिदा दिइनुले पार्ने प्रभावबारे धारणा राखे । उनीहरूले बजारको मूल्यवृद्धिको प्रभावकारी नियन्त्रण गर्न सरकारलाई आग्रह गरे । सो समयमा कृष्णबहादुर रोकाया, घनश्याम रिजाल, पदमबहादुर परियार, मनरुपा शर्मा, रुक्मिणी कोइराला, रेणु चन्द, विष्णुकुमारी सापकोटा, विष्णुबहादुर विश्वकर्मा, श्रीकृष्णप्रसाद अधिकारी, सावित्री पन्तले धारणा राखेका थिए । रासस

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौं ।**
राष्ट्रियसभाका सांसदहरूले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । सभाको सोमबारको बैठकमा दलीय आधारमा बोल्दै सांसद जगत तिमिल्सिनाले वैज्ञानिक अनुसन्धान, नवप्रवद्र्धनमा राष्ट्रियसभाले महत्त्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिए । उनले भने, भ्रष्टाचार नियन्त्रण राष्ट्रिय मुद्दाको रूपमा अगाडि बढाउन यो सभाले महत्त्वपूर्ण भूमिका खेलोस्, सबै सार्वजनिक निकायमा भ्रष्टाचारको निगरानी बढाएर अनुगमन र जवाफदेही प्रक्रिया लागू गर्न पनि यो सभाले भूमिका निर्वाह गर्नुपर्छ ।

सांसद धर्मेन्द्र पासवानले प्रतिनिधिसभामा दलित र मधेशी समुदायको प्रतिनिधित्व कमजोर बन्दै गएको भन्दै प्रतिनिधित्व बढाउनुपर्नेमा जोड दिए । सांसद प्रेमप्रसाद दङ्गालले भने, हाम्रो मुलुकलाई बहुधार्मिक र भौगोलिक विविधताका बीच सबै प्रकारका विभेद् अन्त्य गर्दै एकताबद्ध राख्नुपर्ने छ, विधिताबीच एकताबीच आउनुपर्ने छ ।



सांसद मीना सिंह रखालले कर्णाली प्रदेश प्राकृतिक रूपमा धनी भए पनि विकास र आधारभूत सूचकमा सबैभन्दा पछाडि परेको उल्लेख गर्दै कर्णालीलाई राज्यले प्राथमिकताका साथ विकासमा जोड दिनुपर्ने बताइन । कर्णालीमा गरिबी दर करिब ३० प्रतिशत रहेको उनको भनाइ छ । सांसद रेखाकुमारी झाले सबैभन्दा बढी मधेस प्रदेशमा महिला हिंसाका घटना हुने गरेको उल्लेख गर्दै त्यसको अन्त्यका लागि सरकारले मधेसी केन्द्रित विशेष कार्यक्रम ल्याउनुपर्ने धारणा राखीन ।

सांसद रोशनी मेचेले राष्ट्रियसभालाई समावेशी बहसको थलोका रूपमा पनि विकास गर्नुपर्ने धारणा राखीन । सांसद लिलाकुमारी भण्डारीले मध्यपूर्वमा भएको युद्धका कारण वैदेशिक रोजगारीमा रहेका नेपालीले भोग्नुपरेका समस्या समाधानका लागि सरकारसँग आग्रह गरीन । सांसद सुनिलबहादुर थापाले नेपालको आर्थिक क्षेत्रलाई अगाडि बढाउन सरकारले नयाँ कानुन निर्माणमा ढिलाइ गर्न नहुनेमा जोड दिए । सांसदहरू वासुदेव घिमिरे, सम्झना देवकोटा र सोमनाथ पोर्तेलले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए । रासस

# गहुँबालीको प्रजनन बीउ उत्पादन गरिँदै



**पर्वत ।**
पर्वतमा यस वर्षदेखि गहुँबालीको प्रजनन बिउका लागि गहुं खेती विस्तार गरिएको छ । फलेवास नगरपालिका–६ देविस्थान चौबीसकुरियामा प्रजनन गहुँको मुल बिउको खेती गरी अनुसन्धान थालिएको हो । बिउ उत्पादनका लागि करिब पाँच हेक्टर क्षेत्रफलमा गहुं बाली लगाइएको कृषि विकास कार्यालय पर्वतले जनाएको छ ।

राष्ट्रिय गहुं अनुसन्धान परिषद् र कृषि विकास कार्यालयको सहयोगमा स्थानीय जातसँगै थप आठ प्रजातिका गहुं अनुसन्धान गरिएको छ । 'आत्मनिर्भरताका लागि बिउ उत्पादन' कार्यक्रमअन्तर्गत बिउ उत्पादनमा लागिएको कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकृत सोविता सुवेदीले गौतम, भेरीगङ्गा हिमगङ्गा, जिंकलगायतका जातमा अनुसन्धान भइरहेको जानकारी दिए ।

स्थानीय शक्ति कृषि तथा पशुपक्षी फार्ममार्फत २० जना किसानले एकै क्षेत्रमा प्रजनन गहुँको बिउ खेती गरिरहेका छन् । अन्य प्रजातिभन्दा यी जातका गहुँको बिउ राम्रो उत्पादन भएको जनाइएको छ ।

अन्य खेतीभन्दा सजिलो र सिँचाइको पहुँच पुगेकाले यस क्षेत्रका किसान हिउँदेबालीअन्तर्गत गहुं खेतीमा लागेका छन् । गतवर्ष पनि पहाडी क्षेत्रको जात पहिचानका लागि राष्ट्रिय गहुँबाली अनुसन्धान परिषद् भैरहवाले विभिन्न आठ जातमा गरेको अनुसन्धान सफल भएको थियो । यसवर्ष पनि हावापानी अनुकूल भएको भन्दै प्रजनन् बिउ खेती गरिएको स्थानीय किसान रमेश चापागाईँले बताए ।

उनले कृषि प्राविधिक आफ्नै खेतबारीमा आएर गहुँको अनुसन्धान गर्दा कृषकलाई आगामी दिनमा गहुँखेती गर्न सहज हुने बताए । कुन भूगोलमा कुन खेती गर्दा उत्पादन र आम्दानी गर्न सकिन्छ भन्ने चेतना वृद्धि भएको उनको भनाइ छ । वर्षेनी तापक्रममा भएको वृद्धि, जलवायु परिवर्तनले हिउँदे वर्षा नहुने, सिँचाइ अभावजस्ता कारण कृषकको गहुँखेतीतर्फको आकर्षण घट्दै गएका बेला केन्द्रले निश्चित प्रजाति पहिचान गरेर सिफारिस गरेपछि गहुँखेतीतर्फ आकर्षण बढ्ने उनले बताए । गत वर्ष गहुँका विभिन्न आठ प्रजनन् बिउको अनुसन्धान गरिएकोमा हालसम्म चार जात सिफारिसका लागि छनोट गरिएको छ ।

अनुसन्धान पछि एनएल ११७९, एनएल १४८८, एनएल १४८६, एनएल १४५० नामक गहुँको जात खेतीका लागि सिफारिसको तयारी गरिएको जनाइएको छ । यी प्रजाति समुद्री सतहदेखि ८०० मिटरको उचाइमा राम्रोसँग उत्पादन हुने जनाइएको छ । रासस

# युद्धको घेरामा मध्यपूर्व, विश्व चिन्तामा

**पेरिस ।**
मध्यपूर्वमा जारी द्वन्द्व तीव्र बन्दै जाँदा इरान, इजरायल, अमेरिका र क्षेत्रीय शक्तिहरूबीचको तनाव खतरनाक मोडमा पुगेको छ । पछिल्ला घटनाक्रमहरूले युद्ध अझ फैलिने सङ्केत देखाएका छन् भने मानव क्षति, ऊर्जा सङ्कट र कूटनीतिक टकराव एकैसाथ बढिरहेका छन् । इजरायलको उत्तरी सहर हाइफामा इरानले गरेको क्षेप्यास्त्र आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको छ । सात तले आवासीय भवनमा सीधा प्रहार हुँदा भवन आंशिक रूपमा ढलेको र भग्नावशेषमा हराइरहेका अन्य दुई जनाको खोजी भइरहेको इजरायली अग्नि तथा उद्धार सेवाले जनाएको छ ।

यस आक्रमणसँगै इजरायलले पनि इरानको राजधानी तेहरानमा 'शासन लक्षित' आक्रमणको शृङ्खला सञ्चालन गरेको पुष्टि गरेको छ । इरानी सञ्चारमाध्यमहरूले तेहरानका विभिन्न आवासीय क्षेत्रमा विस्फोट भएको र केही स्थानमा ग्यास आपूर्ति अवरुद्ध भएको बताएका छन् । यसैबीच, इरानले नागरिक संरचनामाथि आक्रमण दोहोरिए अझ 'विनाशकारी' जवाफी कारबाही गर्ने चेतावनी दिएको छ । खातम अल–अन्बिया केन्द्रीय मुख्यालयका प्रवक्ताले आगामी चरण अझ व्यापक हुने सङ्केत दिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानले स्ट्रेट अफ होर्मुज पुनः सञ्चालन नगरे नागरिक पूर्वाधारमाथि कडा आक्रमण गर्ने चेतावनी दोहो¥याउँदै समयसीमा २४ घण्टा थप गरेका छन् ।

उनले सामाजिक सञ्जालमार्फत पुल र विद्युत् संरचनामाथि आक्रमण गर्ने धम्की दिए भने इरानका संसदीय नेतृत्वले यस्तो कदमले सम्पूर्ण क्षेत्र जल्न सक्ने प्रतिक्रिया दिएको छ । द्वन्द्व क्षेत्र विस्तार हुँदै खाडी मुलुकहरूसम्म पुगेको छ । कुवेत र संयुक्त अरब इमिरेट्सले आफ्नो हवाई सुरक्षाले मिसाइल र ड्रोन आक्रमणहरू विफल पारिरहेको बताएका छन् । यसैबीच, इरान समर्थित लेबनानी समूह हिजबुल्लाहले उत्तरी इजरायलतर्फ रकेट प्रहार पुनः सुरु गरेपछि लेबनान पनि युद्धमा गहिरिँदै गएको छ ।

लेबनानमा इजरायली आक्रमणले ठूलो मानवीय क्षति पु¥याएको छ । आइतबार मात्र कम्तीमा १५ जनाको मृत्यु भएको र दर्जनौँ घाइते भएका छन् । बेरुतमा पाँच जनाको ज्यान गएको, पूर्वी क्षेत्रमा रहेको ऐन सादेहमा तीन जनाको मृत्यु भएको तथा दक्षिणी सहर कफर हट्टामा चार वर्षीया बालिकासहित सात जनाको ज्यान गएको लेबनानी स्वास्थ्य मन्त्रालयले जनाएको छ । युद्धको प्रभाव ऊर्जा बजारमा पनि स्पष्ट देखिएको छ । विश्वव्यापी आपूर्ति जोखिमका कारण कच्चा तेलको



मूल्य उल्लेख्य रूपमा बढेको छ । नर्थ सी ब्रेन्ट र अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियेट दुवैको मूल्य १० प्रतिशतभन्दा माथि उक्लिएको छ, जसले विश्व अर्थतन्त्रमा थप दबाब सिर्जना गर्ने सङ्केत गरेको छ । यस्तै, ओपेक प्लसले मे महिनादेखि दैनिक दुई लाख छ हजार ब्यारेल उत्पादन वृद्धि गर्ने निर्णय गरे पनि हालैका आक्रमणले क्षतिग्रस्त ऊर्जा संरचना मर्मत गर्न समय लाग्ने चेतावनी दिएको छ ।

सैन्य मोर्चामा अमेरिका पनि प्रत्यक्ष रूपमा सक्रिय देखिएको छ । खसालिएको एफ–१५ लडाकू विमानका एक एयरम्यानलाई 'साहसी' उद्धार अभियानमार्फत जिवितै फेला पारिएको अमेरिकी पक्षले जनाएको छ । उक्त अभियानमा दर्जनौँ अमेरिकी विमान संलग्न भएको र एयरम्यान गम्भीर घाइते रहेको बताइएको छ । तर इरानले भने अमेरिकी कारबाही पूर्ण रूपमा असफल भएको दाबी गरेको छ । अमेरिकी विशेष बलहरू इरानी भूमिमा गहिरो प्रवेश गरेको र उद्धारका क्रममा प्रयोग गरिएका दुई विमान नष्ट गर्नुपरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

यसै क्रममा दक्षिणपश्चिमी इरानस्थित कासिम सुलेमानी अन्तर्राष्ट्रिय विमानस्थलमा अमेरिका–इजरायलले संयुक्त हवाई आक्रमण गरेको इरानी सरकारी सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । धार्मिक र मानवीय पक्षमा पनि तनाव बढेको छ । पोप लियो चौधौँले आफ्नो पहिलो इस्टर सन्देशमार्फत युद्ध विस्तार गर्न सक्ने शक्तिहरूलाई शान्तिको बाटो रोज्न आग्रह गरेका छन् । उनले हिंसाप्रति बढ्दो उदासीनताप्रति चिन्ता व्यक्त गर्दै हजारौँ मानिसको मृत्युमा विश्व समुदाय संवेदनशील हुनुपर्ने बताए । यता, इस्टरका अवसरमा इजरायली सुरक्षा बलले पूर्वी जेरुसेलमस्थित पवित्र सेपुल्चर चर्चमा प्रवेशमा प्रतिबन्ध लगाएपछि धार्मिक गतिविधि समेत प्रभावित भएका छन् । रासस

# सुवेदीको कृषि कर्म अरुका लागि प्रेरणा बन्दै

**गण्डकी ।**
कृषिप्रतिको अनिच्छासँगै रोजगारीको खोजीमा बढ्दो युवा पलायन भइरहेका अवस्थामा पोखरा महानगरपालिका–३१ तालबँ◌ेसीका शिवराज सुवेदीको कृषि यात्रा भने अरुका लागि प्रेरणको स्रोत बनेको छ । उमेरले ६४ वर्ष पुगेका सुवेदीले २०४३ सालदेखि निरन्तर रुपमा गरेको व्यवसायिक कृषिसँगै उनले अहिले भने 'रिभोलुसन मल्टिप्रपोज अर्गानिक एग्रिकल्चर फार्म हाउस' सञ्चालन गरेको छ । पशुपालनदेखि तरकारी तथा फलफूलखेतीका विविधता उनको फर्ममा देख्न सकिन्छ । आफूमा व्यावसायिक कृषिप्रतिको आकर्षण भने गाउँमा केयर नेपाल संस्था भित्रिएपछि भएको सुवेदीले अनुभव सुनाए ।

मैले २०४४ सालतिर सुरुमा केयर नेपाल संस्थाकै सहयोगमा भेटनरी तथा कृषि तालिम गरेको थिएँ, उनले भने, त्यही सिकाइका जगमा व्यावसायिक पशुपालन तथा तरकारीखेती गर्न थालेको हुँ । यस आसापासको क्षेत्रमा नै पहिलोपटक २०४३ सालमा काउलीखेती गरेको अनुभव सुनाउँदै सुवेदीले उक्त समयमा काठमाडौँ स्थानीय जातको काउली लगाइएको जानकारी दिएका छन् ।

त्यस समयमा बारीमा फलाएको काउली दुई घण्टासम्म डोकोमा बोकेर चिसापानीसम्म पु¥याएको सुवेदीले अनुभव सुनाए । त्यस समयमा काउली पाँच रुपैयाँ प्रतिकिलोसम्म बिक्री हुने गर्दथ्यो, उनले भने, काउलीको बीउ पाउन भने मुस्किल थियो, काठमाडौँबाट नै मगाउनुपथ्र्यो । आफूले त्यस समयमा काठमाडौँसम्म चल्ने बसमा सम्पर्क गरी रु ५० को बीउ ल्याउन रु ५० भाडासमेत दिएर बीउ मगाएको सुवेदीले जानकारी दिएका छन् । उनका अनुसार रोप्नका लागि तयार गरिने काउलीको बिरुवा त्यस समयमा १० पैसामा बिक्री हुने गर्दथ्यो । व्यवसायक कृषिमा युवाहरूलाई आकर्षित गर्न सुवेदीले तालिम लिनसक्ने हल बनाएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कृषकस्तरमा नवीनतम कृषि प्रविधिको प्रयोग अनुसन्धान तथा सिकाई केन्द्र स्थापना गर्न सहयोग कार्यक्रमअन्तर्गत अनुदान सहयोगमा तयार गरिएको हलमा एक साथ ४० जनासम्मले बसेर तालिम लिन सक्छन् । परियोजनाको अनुदान कार्यक्रमअन्तर्गत तालिम भवन, गाईभैँसी गोठ, बाख्राको खोर, ताराबारलगायतका संरचनाका लागि कूल रु ११ लाख ३१ हजार लागतमध्ये कृषकको सहभागिता रु तीन लाख २९ हजार ८३६ थियो भने कार्यालयको सहभागिता रु सात हजार ९७ हजार ५८ रहेको छ ।

सुवेदीले हाल पशुपालन, माछापालनसहित तरकारीखेती पनि गर्दै आएका छन् । विगत नौ वर्षदेखि माछापालन गर्दै आएका उनले वार्षिक रु दुई लाख बराबरको माछा बिक्री गरिरहेका छन् । खसी, दूध, माछा, तरकारी आदि बिक्रीबाट खर्च कटाएर रु पाँच÷छ लाखसम्म आम्दानी भइरहेको उनले अनुभव सुनाए । सुवेदीको फार्ममा तरबुजा, घिरौला, काँक्रा आदिको व्यावसायिक खेती भइरहेको छ ।

स्थानीयका लागि कुटानीपिसानीका साथै कफि प्रशोधन आदिसमेत सुविधा उपलब्ध गराउँदे आइएको छ । कृषिका बहुप्रयोग रुचाउने सुवेदीको प्रयास अरुका लागि पनि प्रेरणा बन्न सक्ने पोखरा महानगरपासिलका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले बताए । एकीकृत कृषिका विविध पक्षलाई एकै ठाउँमा अवलोकन गर्न पाइएने सुवेदीको क्रियाशीलताबाट अरुले पनि धेरै सिक्न सक्ने उनको भनाइ छ । कृषिमा धेरै सम्भावना रहेको बताउँदै उनले मेहनतसँगै निरन्तरको लगाव हुनसकेमा कृषिबाट राम्रै आयआर्जन गर्न सकिने प्रमुख कडरियाले बताए । रासस

# श्रवण क्षमता नभएपनि रोकिएन 'रेष्टुरेन्ट' सञ्चालन



**म्याग्दी ।**
बेनी नगरपालिका–४ सिंगा पौडेल चोकमा श्रवण क्षमता नभएका अमृत र हेमराज शर्मा 'रेष्टुरेन्ट' व्यवसाय सञ्चालन गरेर आत्मनिर्भर बनेका छन् । बागलुङका ३५ वर्षीय अमृत र ४२ वर्षीय हेमराजले शारीरिक अशक्तताले रोजगारी, व्यवसाय र अवसरलाई छेक्न सक्दैन भन्ने उदाहरण बनेका छन् । नाताले आफन्त पर्ने अमृत र हेमराजले सिंगाको पौडेलचोकमा संयुक्त रूपमा सञ्चालन गरेको 'सांकेतिक भाषा खाजा घर'ले उनीहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाएको हो ।

जन्मजात श्रवण क्षमता नभएका शर्माद्धय सांकेतिक भाषा र शब्द लेखेर उपभोक्ताहरूसँग संवाद गर्छन् । चिया, खाजा, जेरी, तरकारी, याममा अरिंगाल, माछा, मासु र खानाका परिकार उनीहरू आफैँ तयार पार्छन् । स्थानीयवासी, वडा कार्यालय, विद्यालय, बेनी–दरवाङ सडकको यात्रा गर्ने सर्वसाधारण, व्यवसायीहरू उक्त रेष्टुरेष्टका ग्राहक हुन् ।

टाढाबाट आउने ग्राहकले मोबाइलमा सन्देश पठाएर खाना, खाजाका परिकार 'अर्डर' गर्छन् । सामाजिक सञ्जालमा भिडियो कल गरेर पनि सांकेतिक भाषामा ग्राहकले कुराकानी गर्छन् । फोन आयो भने छिमेकीलाई उठाउन लगाएर उनीहरूमार्फत सूचना लिने गरेको अमृतले लेखेर जानकारी गराए । म्याग्दीका जलविद्युत् आयोजनाहरूमा परामर्शदाताका रूपमा काम गर्दै आएका शंकर बस्यालले सरसफाइ र आत्मीय व्यवहारका कारण सांकेतिक भाषा खाजाघरलाई रोजेको बताए । उनीहरू नबोले पनि ग्राहकको भावना बुझेर नम्र व्यवहार गर्छन्, उनले भने ठाउँको सरसफाइ र परिकार 'हाइजेनिक' हुने भएकाले राम्रो लाग्छ । दैनिक पाँच हजार रुपैयाँको हाराहारीमा व्यापार गर्ने शर्माद्वयले उक्त आम्दानीबाट व्यवसायलाई निरन्तरताका साथै घरव्यवहार चलाएको बताए । दसैँ, तिहार र चाडपर्वका समयमा व्यापार अलि बढी हुन्छ ।

हेमराजको घरमा श्रीमती र एक छोरी छन् । अमृतकी श्रीमतीको पनि श्रवण क्षमता छैन । अमृतका घरमा श्रीमती र एक छोरा छन् । हेमराजले कक्षा ५ सम्मको अध्ययन गरेका छन् भने अमृतले १२ कक्षा उत्तीर्ण गरेका छन् । उनीहरूका परिवार बागलुङमै बस्छन् । धवलागिरि माविको बहिरा स्रोत कक्षाका शिक्षक शंकर पाण्डेको सहयोगमा हेमराज र अमृत १० वर्षअघि सिंगामा आएका थिए । शर्माद्वयको सानैदेखि खानाका परिकार बनाउन रुचि थियो । घारबाट रु तीन लाख ल्याएर घर भाडामा लिएर व्यवसाय सुरु गरेको अमृत सम्झन्छन् । हाल उनीहरूको व्यवसायमा करिब रु १० लाखको लगानी छ ।

सीप र व्यवसायमा आबद्ध भएकाले घरव्यवहार चलाउन सहज भएको शर्माद्वयको अनुभव छ । पौडेलचोकका यादवप्रसाद पौडेलले अमृत र हेमराजले हातमा सीप र व्यावसायिक कला तथा साहस हुने हो भने शारीरिक प्रतिकूलताका बाबजुद आत्मनिर्भर र स्वरोजगार बन्न सकिने सन्देश दिएका बताए ।


अमृत र हेमराजले हातमा भएको सीपको सदुपयोग गर्न जान्ने हो भने जीवन चलाउन अरुमा निर्भर हुनुपर्दैन भन्ने सन्देश दिएका छन्, उनले भने उनीहरूले व्यवसायबाट हासिल गरेको सफलताबाट धेरैका लागि उदाहरणीय बन्न सक्छ । हाल भाडाको घरमा व्यवसाय गर्दै आएका उनीहरूले व्यवसाय विस्तार गर्दै लैजाने योजना बनाएका छन् । पुँजीको अभाव र सबै ग्राहकले सांकेतिक भाषा नबुझ्नु उनीहरूका लागि व्यवसायमा चुनौती बनेको छ । रासस

# युद्धबीच ४५ दिने विराम प्रस्ताव

**वासिङ्टन ।**
इरान र संयुक्त राज्य अमेरिकाबीच तीव्र बन्दै गएको युद्धका बीच ४५ दिनको युद्धविराम र स्ट्रेट अफ होर्मुज पुनः खोल्ने प्रस्ताव अघि सारिएको छ, जसले जारी द्वन्द्वलाई अस्थायी रूपमा रोक्ने सम्भावना देखाएको छ । मध्यपूर्वका दुई अधिकारीका अनुसार इजिप्ट, पाकिस्तान र टर्कीका मध्यस्थकर्ताहरूले तयार पारेको उक्त मस्यौदा प्रस्ताव दुवै पक्षलाई पठाइएको छ, तर अहिलेसम्म कुनै औपचारिक प्रतिक्रिया आएको छैन ।

उक्त प्रस्तावले ४५ दिनको समयावधिमा विस्तृत वार्ता गरी स्थायी युद्धविराममा पुग्ने वातावरण तयार गर्ने लक्ष्य राखेको छ । यो प्रस्ताव इरानी विदेशमन्त्री अब्बास अराघची र अमेरिकी मध्यपूर्व दूत स्टिव विटकफलाई पठाइएको बताइएको छ । यद्यपि, दुवै पक्षबीचको अविश्वास र कडा अडानका कारण सहमति हुने नहुने अझै अनिश्चित देखिएको छ ।

इरानले आर्थिक क्षतिपूर्ति र पुनः आक्रमण नगर्ने ग्यारेन्टी बिना युद्ध रोक्न अस्वीकार गर्दै आएको छ भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले आफ्नो समयसीमाभित्र होर्मुज जलडमरूमध्य पुनः नखोले कडा



पूर्वाधार आक्रमण गर्ने चेतावनी दिएका छन् ।

यसैबीच, युद्धको मैदानमा हिंसा थप चर्किएको छ । आइतबारदेखि सोमबारसम्म इरानका विभिन्न सहरमा भएका आक्रमणमा २५ जनाभन्दा बढीको मृत्यु भएको छ । तेहरान नजिकैको एस्लामसार क्षेत्रमा भएको हवाई आक्रमणमा मात्र कम्तीमा १५ जनाको ज्यान गएको अधिकारीहरूले जनाएका छन् । तेहरानस्थित सरिफ युनिभर्सिटी अफ टेक्नोलोजीमा समेत आक्रमण भएको बताइएको छ, जसका कारण विश्वविद्यालयका अनलाइन सेवाहरू पूर्ण रूपमा अवरुद्ध भएका छन् र विद्यार्थीहरू क्याम्पस छोड्न बाध्य भएका छन् ।

सैन्य पक्षमा इरानले ठूलो क्षति बेहोरेको छ । इरानी अर्धसैनिक रिभोलुसनरी गार्डका गुप्तचर प्रमुख मेजर जनरल माजिद खादेमी लक्षित आक्रमणमा मारिएको इरानी राज्य मिडियाले जनाएको छ । इजरायलले पनि उक्त कारबाहीको पुष्टि गर्दै गार्डका शीर्ष नेतृत्वलाई क्रमशः निशाना बनाइरहेको जनाएको छ । यसअघि पनि गार्डका अन्य वरिष्ठ अधिकारीहरू मारिएका थिए । इजरायलले इरानका स्टिल र पेट्रोकेमिकल उद्योगमा समेत गम्भीर क्षति पु¥याएको दाबी गरेको छ ।

युद्ध क्षेत्र विस्तार हुँदै खाडी मुलुकसम्म पुगेको छ । संयुक्त अरब इमिरेट्सको फुजैराहमा इरानी ड्रोन आक्रमणले दूरसञ्चार भवनमा क्षति पु¥याएको छ भने अबु धाबीमा मिसाइल अवरोधका क्रममा एक व्यक्ति घाइते भएका छन् । इजरायलतर्फ पनि लगातार क्षेप्यास्त्र प्रहार भइरहेको छ । हाइफा र मध्य इजरायलका विभिन्न सहरहरूमा प्रहार हुँदा आवासीय भवनहरूमा क्षति पुगेको, केही घाइते भएको र आगलागी भएको रिपोर्ट आएको छ । यसअघि हाइफामा भएको आक्रमणमा दुई जनाको मृत्यु भइसकेको छ भने दुई जना अझै बेपत्ता छन् ।

युद्धको प्रभाव विश्वव्यापी रूपमा फैलिँदै गएको छ । फेब्रुअरी २८ मा सुरु भएको यस द्वन्द्वले हजारौँको ज्यान लिइसकेको छ, अन्तर्राष्ट्रिय बजार अस्थिर बनाएको छ र प्रमुख ऊर्जा आपूर्ति मार्गहरू अवरुद्ध पारेको छ । विशेषगरी होर्मुज जलडमरूमध्य बन्द हुँदा विश्वको करिब २० प्रतिशत तेल तथा ग्यास आपूर्ति प्रभावित भएको छ ।

यसै सन्दर्भमा विभिन्न देशहरूले वैकल्पिक ऊर्जा आपूर्ति सुनिश्चित गर्न प्रयास तीव्र बनाएका छन् । दक्षिण कोरियाले साउदी अरेबियाको यानबु बन्दरगाहतर्फ नयाँ तेल ढुवानी मार्ग खोल्न जहाजहरू पठाउने योजना बनाएको छ भने कूटनीतिक पहल पनि बढाएको छ । युद्धले मानव अधिकारको प्रश्न पनि उठाएको छ । इरानले जनवरीमा भएको विरोध प्रदर्शनसँग सम्बन्धित एक व्यक्तिलाई मृत्युदण्ड दिएको छ, जसलई अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरूले गम्भीर रूपमा आलोचना गरेका छन् । समग्रमा, युद्धका बीच आएको ४५ दिने युद्धविराम प्रस्तावले तनाव कम गर्ने सम्भावना देखाए पनि दुवै पक्षको कडा अडान र निरन्तर बढ्दो हिंसाले तत्काल समाधानको सम्भावना अझै अनिश्चित देखिएको छ । रासस

# लुम्बिनी प्रदेशसभा बैठकः सरकारप्रति प्रश्न र सुझाव




**लुम्बिनी ।**
लुम्बिनी प्रदेशसभाको सोमबार बसेको बैठकमा प्रदेशसभा सदस्यहरूले समसामयिक राजनीति, सुशासन, विकास र सेवा प्रवाहका विषयमा प्रश्न र सुझाव प्रस्तुत गरेका छन् । प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत आज बसेको छैटौँ बैठकमा प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले संविधान कार्यान्वयन, सुशासन र जनअपेक्षा पूरा गर्न प्राथमिकतामा पर्नुपर्ने बताए । उनले कृषिमा मल, बीउबिजन र राहत प्याकेज नआएकोप्रति प्रश्न उठाउँदै सरकारलाई स्पष्ट जवाफ दिन आग्रह गरे ।

प्रदेशसभा सदस्य वीरबहादुर रानाले सङ्घीयताको मर्मअनुसार काम हुन नसकेको भन्दै प्रदेशलाई बलियो बनाउन स्वाभिमानमा आधारित शासन आवश्यक रहेको बताए । प्रदेशसभा सदस्य अम्बिका काफ्लेले महिलामाथि हुने हिंसा अन्त्य हुन नसकेको भन्दै चिन्ता व्यक्त गरे । अर्का प्रदेशसभा सदस्य चन्द्रकेश गुप्ताले बलात्कारका घटनामा वृद्धि भएको भन्दै कडा कानुनी व्यवस्था आवश्यक रहेको धारणा राखे । प्रदेशसभा सदस्य मीनाकुमारी श्रेष्ठले वार्षिक योजना कार्यान्वयनमा ढिलाइ हुँदा बजेट 'फ्रिज' हुने अवस्था आएको बताइन् । प्रदेशसभा सदस्य भुवनेश्वर चौधरीले सबै पक्षले इमानदारीपूर्वक जिम्मेवारी निर्वाह गर्नुपर्नेमा जोड दिए । प्रदेशसभा सदस्य भगवती अधिकारीले विज्ञापन नीतिले निजी सञ्चारमाध्यमलाई असर पार्न सक्ने जोखिम औँल्याउँदै यसबाट लोकतन्त्र कमजोर बन्न सक्ने चेतावनी दिइन् ।

बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदै भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले अधिकांश योजना कार्यान्वयनमा रहेको र छिट्टै सम्पन्न हुने विश्वास व्यक्त गरे । यसैबीच, वन तथा वातावरणमन्त्री देवकरणप्रसाद कलवारले बैठकमा 'प्रदेश वन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक' सभामा पेस गरेका छन् ।रासस

# हुलाकका कुरियर 'एक्सप्रेस वे'मार्फत गरिने, सार्वजनिक बिदाको दिन पनि सेवा




**काठमाडौँ ।**
हुलाकमार्फत विदेश पठाइने र विदेशबाट आयात भएका मालवस्तु जाँचपासका लागि 'एक्सप्रेस वे' प्रयोग गरिने भएको छ । हुलाक सेवा विभाग, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, नागरिक उड्डयन प्राधिकरणलगायतका निकायको समन्वयमा हुलाकबाट हुने कुरियरका लागि 'एक्सप्रेस वे' प्रयोग गर्ने व्यवस्था मिलाइएको हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले जानकारी दिए ।

'हुलाक वस्तु द्रुतमार्गबाट जाँदा बढी सुरक्षित र भरपर्दो हुन्छ । हामीले यसका लागि लामो समयदेखि प्रयास गरिरहेका थियौँ । पछिल्लो समय मन्त्रालयबाट पनि चासो र निर्देशन आएपछि यो कार्यान्वयन प्रक्रिया अघि बढेको हो', उनले भने । महानिर्देशक पङ्गेनीका अनुसार अब हुलाक कुरियरका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'डेडिकेटेड' जाँचपास प्रणाली बनाइनेछ ।

त्यस्तै, सार्वजनिक बिदाको दिन पनि हुलाक कार्यालयमार्फत विदेशमा सामान पठाउने र विदेशबाट आयात भएको सामान छुटाउन सकिने व्यवस्था मिलाइएको उनले बताए । गोश्वारा हुलाक कार्यालय डिल्लीबजारले यसअघि समेत सार्वजनिक बिदाको दिन सेवा दिँदै आएको भए पनि त्यहाँस्थित भन्सार कार्यालय र बैंक नखुल्दा भन्सार जाँचपासमा समस्या हुने गरेको थियो । अन्तरनिकाय समन्वय अभावमा सेवा प्रभावित भइरहेकोबारे गुनासो आउन थालेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समेत चासो देखाएको थियो । सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाको निर्देशनपछि हुलाक सेवा विभागले भन्सार विभागसँग समन्वय गरेर सार्वजनिक बिदाको दिन पनि सजिलै सेवा दिन सकिने व्यवस्था मिलाउन प्रक्रिया थालेको हो । भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले सार्वजनिक बिदामा पनि हुलाक वस्तु जाँचपासका लागि कार्यालयलाई निर्देशन दिइसकेको बताए । सञ्चार मन्त्रालयको निर्देशनपछि हुलाक सेवा विभागले भन्सार विभागलाई पत्राचार गर्दै सार्वजनिक बिदाको दिन पनि गोश्वारा हुलाक कार्यालयस्थित भन्सारमार्फत सेवा प्रवाहका लागि आग्रह गरेको थियो । सोहीअनुसार भन्सार विभागले निर्देशन दिइसकेको महानिर्देशक भण्डारीले बताए ।

पछिल्लो समय हुलाकमार्फत कुरियर गर्नेक्रम बढ्दो छ । नेपालबाट विदेश पठाइने र विदेशबाट नेपाल आउने वस्तुलाई चाँडो, सुरक्षित र भरपर्दो बनाउन विभागले निरन्तर सुधारका काम गरिरहेको महानिर्देशक पङ्गेनीको भनाइ छ । गोश्वारा हुलाक कार्यालय डिल्लीबजारबाट गत फागुन महिनामा मात्र १९ हजार २०० भन्दा बढी पुलिन्दा, पार्सल, साना प्याकेट, साधारण चिट्ठी, रजिस्ट्री चिट्ठी, बुक पोस्टलगायत वस्तु विदेशबाट आएका थिए । त्यस्तै निर्यात भएका यस्ता वस्तुको सङ्ख्या ११ हजार ७०० हाराहारी छ । जसबाट २९ लाख चार हजार हाराहारी भन्सार राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ ।

हुलाकबाट हुने कुरियर सेवाका लागि द्रुतमार्ग सञ्चालन गर्ने तथा सार्वजनिक बिदाको दिन कार्यालय सञ्चालन गर्दा नागरिकले सहज सेवा पाउनेमात्र नभई कार्यालयको व्यवसाय र नतिजा प्राप्ति दुवैमा सकारात्मक प्रभाव देखिने अपेक्षा गरिएको छ ।रासस

# कार्यालय समय पालना भए/नभएको बुझ्न छड्के गर्न सतर्कता केन्द्रले खटायो टोली




**काठमाडौं ।**
राष्ट्रिय सतर्कता केन्द्रले सरकारको शासकीय सुधारसम्बन्धी योजनाअनुसार सार्वजनिक सेवा प्रवाह भएन÷भएकाबारे छड्के गर्न राजधानीबाहिर टोली खटाएको छ । सोमबार देखि लागू भएको परिमार्जित कार्यालय समयको परिपालना र सेवा प्रवाहलाई चुस्त तुल्याउने उद्देश्यका साथ केन्द्रले कामठाडौं उपत्यकाबाहिर नौ जिल्लामा टोली खटाएको प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिए ।

'आयोजनाको गतिविधि र सेवा प्रवाहमा निगरानी तथा छड्के गर्ने गरी आजैदेखि उपत्यकाबाहिर पनि केन्द्रका टोली खटिएका छन्,' उनले भने,'केन्द्रमा प्राप्त उजुरी तथा गुनासो सम्बोधन गर्ने काम पनि तीव्र गतिमा भइरहेका छन् । 'पछिल्लो समय दैनिक सेवा प्रवाहसँग जोडेर आएका गुनासा सम्बोधन गर्न केन्द्र सक्रिय र गतिशीलताका साथ लागिरहेको छ । नेपाल सरकारले आजदेखि लागू हुनेगरी कार्यालय समय बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म बनाएको छ । 'सरकारको निर्णयलाई मध्यनजर गरेर सो अवधिमा समय पालना भएरनभएको, कर्मचारीले तोकिएको कार्यकक्षमा बसेर कार्यसम्पादन गरे/नगरेको, सेवाग्राहीका काम समयमा सम्बोधन भएर/ नभएकाबारे अनुगमन भइरहेको छ,' केन्द्रका सहसचिव भट्टले भने । कहीँकतै ढिलासुस्ती भए÷नभएका बारे केन्द्रले 'फाइल ट्र्याकिङ' समेत गरिरहेको छ ।

त्यस क्रममा भ्रष्टाचार र गलत कार्य भएको पाइएमा तत्काल सुधारका लागि निर्देशन दिने र भ्रष्टाचारसम्बन्धी काम भएको भेटिए अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखी पठाउने काम भइरहेको उनले जानकारी दिए । सुशासन प्रवद्र्धन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाहलाई सरलीकरण र सहजीकरण गर्ने वर्तमान सरकारको गति र उद्देश्यअनुसार आफ्नो सम्पूर्ण साधनस्रोत र जनशक्ति परिचालित गरिएको केन्द्रले जनाएको छ । 'दैनिक रुपमा उपत्यकामा परिचालन गरेका छौँ । विभिन्न कार्यालय, मन्त्रालय, विभाग, सरकारी–सार्वजनिक निकायहरुमा अनुमगन, छड्के र निगरानी गर्ने, समय पालना भएरनभएको, फाइल अड्केको, सेवा प्रवाहमा कहीँकसैले व्यवधान भोगेको छ कि, त्यसमा सहजीकरण र कारबाहीका लागि फिल्डबाटै लेखेर दिने दैनिक रुपमा चलिरहेको छ', प्रवक्ता भट्टले भने ।रासस

# महासङ्घ कोशीको अध्यक्षमा पुनः राउत निर्वाचित



**मोरङ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशको अध्यक्षमा राजेन्द्र राउत पुनः निर्वाचित भएका छन् । महासङ्घ निर्वाचन समितिले सोमबार घोषणा गरेको परिणामअनुसार अध्यक्षमा राउत विजयी भए । उनले आफ्ना प्रतिस्पर्धी नवीन रिजाललाई पराजित गरे । उक्त निर्वाचनमा अध्यक्ष राउतको प्यानल नै विजयी भएको छ ।

जिल्ला नगरतर्फको उपाध्यक्षमा ऋषिराज तिम्सिना, वस्तुगततर्फ राजन श्रेष्ठ र एसोसिएट उपाध्यक्षमा रवीन दाहाल निर्विरोध निर्वाचित भएको हो । यसैगरी कोषाध्यक्षमा श्रवणकुमार अग्रवाल तथा एसोसिएट सदस्यमा देवकीनन्दन अग्रवाल र भविषकुमार श्रेष्ठ निर्विरोध चयन भएका छन् । जिल्ला नगरबाट सदस्यमा कृष्णप्रसाद रिजाल, राजु ढुङ्गाना राजीव, जयप्रकाश शर्मा, हर्कबहादुर श्रेष्ठ र नवीनकुमार चौधरी निर्वाचित भएका छन् भने वस्तुगततर्फ सुभाष आचार्य र दीपक पाण्डे निर्वाचित भएका छन् ।

महासङ्घ कोशीमा जिल्ला नगर उद्योग वाणिज्य सङ्घहरुबाट ३८, वस्तुगत सङ्घसंस्थाबाट १९ र एसोसिएटबाट १४८ जनाले महासङ्घको नेतृत्व चयनका लागि मतदान गरेका थिए ।रासस

# प्रतिनिधिसभाबाट तीन अध्यादेश स्वीकृत



**काठमाडौं ।**
प्रतिनिधिसभाबाट तीन अध्यादेश स्वीकृत भएको छ । सभाको सोमबारको बैठकबाट 'मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२' सर्वसम्म रूपमा स्वीकृत भएको हो ।

बैठकमा गृहमन्त्री सुधन गुरुङले उक्त अध्यादेश स्वीकृत गरियोस् भनी प्रस्ताव राखेका थिए । त्यसअघि सभामुख डोलप्रसाद अर्यालले ती विधेयकलाई अस्वीकार गर्ने सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराएका थिए । बैठकले नेपाली कम्युनिष्ट पार्टीका सांसद रामचन्द्र भट्टराईको निधनमा सर्वसम्मत रूपमा शोक प्रस्ताव पारित गरेको थियो ।रासस

# तालिमपछि महिलामा बढेको आत्मविश्वास



**धरान ।**
चार वर्षदेखि इटहरीमा इलेक्ट्रोनिक्स पसल सञ्चालन गर्दै आएकी भावना निरौलालाई अहिले विभिन्न घरायसी विद्युतीय उपकरणहरूको मर्मत कार्यले भ्याइनभ्याइ भएको छ । पहिले उनी मुख्य रूपमा बिक्री र ग्राहक सेवा हेर्थिन् भने श्रीमान् मर्मत र फिल्डको काम गर्थिन् । तर मर्मत तथा सम्भार तालिम सकेपछि उनको भूमिका परिवर्तन भएको छ ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम–नेपालमा दिगो ऊर्जामार्फत पुनः प्राप्ति एवं सशक्तिकरण (रिप ग्रिन)ले सञ्चालन गरेको तालिमपछि आफ्नो दैनिकीमा आएको ठूलो परिवर्तनबारे अनुभव सुनाउँछिन् । रिप ग्रिन, युरोपियन युनियन र जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (बिएमजेड) को आर्थिक सहयोग र जर्मन विकास सहयोग–जिआइजेडको प्राविधिक सहयोगमा सञ्चालित परियोजना हो ।

सो परियोजनाको सहयोगमा सञ्चालित नौदिने तालिममा आफूले विद्युतीय जडानका आधारभूत कुरा, समस्या पहिचान (ट्रबलसुटिङ) र राइस कुकर, इलेक्ट्रिक केतली, मिक्सर र इन्डक्सन चुलो मर्मत गर्ने सीप सिकेको भावना बताउँछिन् । उनी भन्छिन्, 'तालिम सकेको एक महिनामै मैले छ वटा इलेक्ट्रिक जग र चार वटा हिटर मर्मत गरिसकेकी छु । हिटर मर्मत तालिममा नभएको भए पनि मैले सिकेका विद्युतीय सिद्धान्त प्रयोग गरेर समस्या पत्ता लगाएर समाधान गर्न सकेँ । तालिममा पाएको मल्टिमिटर अहिले मेरो सबैभन्दा उपयोगी उपकरण बनेको छ, जसले तार र जडानसम्बन्धी समस्या पहिचान गर्न मद्दत गर्दछ ।'

सुरुमा केही ग्राहकहरू महिलाले स्क्रूड्राइभर समातेको देखेर छक्क पर्थे र प्रश्न गर्थे । उनको कामको गुणस्तर देखेपछि ग्राहकहरूले प्रशंसा र हौसला प्रदान गर्छन् । जाडो समयमा धेरै ग्राहकले हिटर र केतली मर्मतका लागि ल्याए र हरेक सफल कामसँगै मेरो आत्मविश्वास बढ्दै गयो । यी सामानहरू मौसमी हुने भएकाले अब आफू राइस कुकर र इन्डक्सन चुलो जस्ता वर्षभरि प्रयोग हुने सामान मर्मतमा ध्यान दिन चाहेको बताउँछिन् । यस्ता प्राविधिक सीपहरूले महिलाहरूलाई नयाँ अवसर दिने र यसबाट उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न मद्दत गर्ने उनको विश्वास रहेको छ ।

रिप ग्रिन कार्यक्रमका साझेदारहरूले स्थानीय स्तरमा सञ्चालन गरेका प्राविधिक तालिमहरूमा बिस्तारै महिलाहरूको सहभागिता बढ्दै गएको छ । स्नातक दोस्रो वर्षमा अध्ययनरत इटहरी, खनारकी स्वस्तिका दाहालको इलेक्ट्रोनिक्स पसलमा केही समयदेखि बिक्रेताका रुपमा सहयोग गर्दै आएकी छन् । केही समयअघि विद्युतीय उपकरणहरूको मर्मतसम्बन्धी तालिम प्राप्त गरेपछि उनले घर र पसल दुवैमा सिकेका सीप प्रयोग गर्न थालेकी छन् । तालिमपछि इलेक्ट्रिक केतली, राइस कुकर र हिटर मर्मत गर्न सक्षम बनेकी छन् ।

यी कामहरूले आफूलाई केही आम्दानी पनि दिलाएको उनी बताउँछिन् । अहिलेका उनका लागि यो पढाइसँगै राम्रो 'पार्ट–टाइम' अवसर बनेको भए पनि भविष्यमा यसलाई नै आफ्नो रोजगारीको माध्यम बनाउने उनको योजना छ । अहिले घरबाटै सेवा दिँदै आएकामा आफ्नै पसल स्थापना गरी तालिममा सिकेको सीपको उपयोग गर्ने सोच बनाएकी छन् ।

तालिममा सहभागी प्रशिक्षार्थीहरूले एक अनौपचारिक समूह नै बनाएका बिग्रिएका सामानहरू जम्मा गरेर एउटै घरमा भेला भई सँगै मर्मत गर्न पनि थालेका छन् । यसले तालिमपछि पनि सीप सुधार गर्न एक–अर्कालाई सहयोग पु¥याएको दाहाल बताउँछिन् । तालिमबाट प्राप्त सीप र उपकरणहरूको प्रयोग गर्दै महिलाहरू अहिले आफ्नै घर र समुदायमा सँगै काम गर्दै समस्याहरू समाधान गरिरहेका छन् । तालिमले भावना र स्वस्तिका जस्ता सहभागीहरूलाई व्यावहारिक प्राविधिक सीप, आत्मविश्वास र नयाँ आम्दानीका अवसरहरू प्रदान गरेको छ ।

निरन्तर अभ्यासले उनीहरूको क्षमता अझ बढ्ने आत्मविश्वास आफूहरूमा आएको बताउँदै भावना भन्छिन्, 'घरायसी सबै खालका उपकरणहरूको मर्मत गर्नसक्ने क्षमताको विकास गर्न थप तालिमको आवश्यकता महसुस गरेका छौँ ।'रासस

# सरकारी विज्ञापन नीतिविरुद्ध सर्वोच्चमा अर्को रिट दर्ता



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सरकारले सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिने निर्णय गरेपछि त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ । नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले रिट दायर गरेका हुन्। रिट दर्ता भइसकेको छ भने प्रारम्भिक सुनुवाइ मंगलबारका लागि तोकिएको छ।
रिट निवेदनमा सरकारी निर्णयले संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रतामा प्रत्यक्ष असर पार्ने उद्देश्य राखेको आरोप लगाइएको छ । अधिवक्ता लुइँटेलका अनुसार यस्तो निर्णयले निजी सञ्चारमाध्यमलाई कमजोर बनाउँदै लोकतन्त्रको महत्वपूर्ण अंगमाथि हस्तक्षेप गर्ने खतरा बढाएको छ।
सरकारले चैत १८ गते सचिवस्तरीय निर्णय गर्दै सरकारी विज्ञापन तथा सूचनाहरू अबदेखि गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन लगायत सरकारी स्वामित्वका सञ्चारमाध्यममार्फत मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरेको थियो। सो निर्णयअनुसार संघ, प्रदेश र स्थानीय तहका सबै सार्वजनिक निकायलाई परिपत्रसमेत जारी गरिएको छ।
सोसाइटीले यो निर्णयलाई गैरकानूनी र संविधानविपरीत भएको दाबी गर्दै चौथो अंगलाई नै कमजोर बनाउने कदमका रूपमा व्याख्या गरेको छ। रिटमा सञ्चार क्षेत्रमाथि यस निर्णयले त्रास सिर्जना गरेको र स्वतन्त्र पत्रकारितामा नकारात्मक प्रभाव पर्ने उल्लेख गरिएको छ।
निवेदनमा सरकारको उक्त निर्णय अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकसम्बन्धी संवैधानिक प्रावधानविपरीत भएको जिकिर गरिएको छ । संविधानको धारा १३३ (२) र (३) अनुसार उत्प्रेषणको आदेशमार्फत उक्त निर्णय खारेज गर्न र भविष्यमा यस्ता कार्य नगर्न प्रतिषेधात्मक आदेश जारी गर्न माग गरिएको छ।
साथै, मुद्दाको अन्तिम टुंगो नलाग्दासम्म सो निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गर्न पनि रिटमार्फत माग गरिएको छ । निवेदनमा निर्णय कार्यान्वयन भइरहेमा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकमा गम्भीर असर पर्ने तथा सञ्चार क्षेत्र नै संकटमा पर्न सक्ने चेतावनी दिइएको छ।

**सरकारी विज्ञापन नीतिविरुद्ध पत्रकार महासंघको आक्रोश**

सरकारले सरकारी सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णय गरेपछि नेपाल पत्रकार महासंघले कडा आपत्ति जनाउँदै उक्त निर्णय तत्काल खारेज गर्न माग गरेको छ। निर्णय फिर्ता नभए आन्दोलनमा उत्रने चेतावनीसमेत महासंघले दिएको छ।
महासंघकी अध्यक्ष निर्मला शर्माको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले सोमबार सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिना लाई भेटेर ज्ञापनपत्र बुझाएको हो । भेटका क्रममा महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी परिपत्रले निजी तथा सामुदायिक सञ्चारमाध्यममाथि गम्भीर असर पार्ने भन्दै सरकारको ध्यानाकर्षण गराएको थियो । महासचिव रामप्रसाद दाहालद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णयले स्वतन्त्र पत्रकारितामाथि अप्रत्यक्ष नियन्त्रणको जोखिम बढाउने उल्लेख गरिएको छ।
महासंघका अनुसार यस्तो नीतिले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउँदै प्रेस स्वतन्त्रतामा दबाब सिर्जना गर्नेछ। देशभर सञ्चालनमा रहेका चार सयभन्दा बढी निजी तथा सामुदायिक रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन मिडियाको अस्तित्व नै संकटमा पर्ने चेतावनी महासंघले दिएको छ।
यसका साथै, हजारौं पत्रकार तथा सञ्चारकर्मीको रोजगारी जोखिममा पर्ने र समग्र सञ्चार क्षेत्र नै धराशायी हुन सक्ने महासंघको निष्कर्ष छ। सूचना प्रवाह सरकारी माध्यममा मात्र सीमित हुँदा नागरिकको पहुँच घट्ने र स्थानीय तहसम्म सूचना पुग्ने प्रक्रिया कमजोर हुने पनि महासंघको भनाइ छ । महासंघले सूचनाको केन्द्रीकरण लोकतान्त्रिक मूल्य र खुला बजार अर्थतन्त्रको मर्मविपरीत हुने तर्क गर्दै नीतिगत पुनर्विचार आवश्यक रहेको जनाएको छ । भेटमा मन्त्री तिमिल्सिनाले महासंघको ज्ञापनपत्रलाई सकारात्मक रूपमा लिएको बताउँदै सञ्चार क्षेत्रको विकासका लागि सरकार प्रतिबद्ध रहेको र सञ्चारमाध्यमलाई निराश नपार्ने आश्वासन दिएका छन्।
महासंघले आफ्ना मागहरूमा—परिपत्र तत्काल खारेज, विज्ञापन वितरणलाई पारदर्शी र समानुपातिक बनाउने, निजी, सामुदायिक र सरकारी सबै मिडियामा न्यायोचित वितरण गर्ने, सञ्चार क्षेत्रको दीर्घकालीन संरक्षणका लागि नीतिगत व्यवस्था गर्ने तथा निर्णयअघि सरोकारवालासँग अनिवार्य परामर्श गर्ने प्रणाली विकास गर्नुपर्ने उल्लेख गरेको छ।
सरकारको यस नीतिले प्रेस स्वतन्त्रता र सञ्चार क्षेत्रको भविष्यमा पार्ने प्रभावबारे अहिले व्यापक बहस सुरु भएको छ । महासंघको चेतावनीपछि सरकार र सञ्चार क्षेत्रबीच संवाद थप तीव्र हुने संकेत देखिएको छ।

# दशगजामा गृहमन्त्री महतोको अनुगमन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेस प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोले महोत्तरीको मटिहानीस्थित दशगजा क्षेत्रमा पुगेर सीमा सुरक्षा र विकास निर्माण अवस्थाको स्थलगत निरीक्षण गरेका छन्।
सोमबार बिहान मटिहानी पुगेका मन्त्री महतोले सीमाक्षेत्रको शान्ति–सुरक्षा अवस्था, स्थानीय तहका गतिविधि तथा पूर्वाधार विकासको प्रगतिबारे सरोकारवाला निकायसँग जानकारी लिएका थिए । निरीक्षणका क्रममा उनले दशगजामा निर्माणाधीन तर हाल रोकिएको नाला परियोजनाको अवस्थाबारे पनि चासो व्यक्त गरे।
नाला निर्माण कार्य स्थानीयवासी बजरंजी प्रसाद साह र शिवा साहले आफ्नो निजी जग्गामा जबर्जस्ती निर्माण गर्न लागिएको दाबी गर्दै उच्च अदालत जनकपुरमा रिट दायर गरेपछि रोकिएको हो । अदालतले अन्तरिम आदेश जारी गर्दै काम तत्काल स्थगन गर्न निर्देशन दिएको थियो।
मन्त्री महतोले विकास निर्माणका कार्य कुनै विवादका कारण लामो समय अवरुद्ध हुनु उचित नभएको उल्लेख गर्दै दुवै पक्षबीच संवादमार्फत समाधान खोज्नुपर्नेमा जोड दिए । उनले सम्बन्धित निकायलाई जग्गाको स्पष्ट पहिचान गरी कसैको अधिकार नहानी समाधान निकाल्न आवश्यक पहल गर्न निर्देशनसमेत दिएका छन्।
निरीक्षणपछि मन्त्री महतोले मटिहानीस्थित प्रसिद्ध लक्ष्मी नारायण मठमा पुगेर दर्शन गरेका थिए। उक्त अवसरमा मटिहानी नगरपालिकाका नगरप्रमुख हरि प्रसाद मण्डल तथा मठका उत्तराधिकारी महन्थ डा. रविन्द्र दास वैष्णवले मन्त्रीलाई स्वागत गरेका थिए।
अनुगमन टोलीमा प्रदेश सभा सदस्य सुनिता कुमारी साह, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव तथा विभिन्न सुरक्षा निकायका प्रमुखहरूको समेत सहभागिता रहेको थियो।

# फर्किएनन् तीन सन्तान, मृत्यु दर्ताको प्रमाणपत्र माग्दै परिवार

**भक्तपुर।**
सूर्यविनायक नगरपालिका–४ हर्षचोकस्थित ओम सृजनशील समाज बस्तीका ६६ वर्षीय कृष्णबहादुर श्रेष्ठ सेतो कपडामा कोरा बारेर आफ्ना तीन छोराछोरीको किरियामा बसेको आठौँ दिन बितेको छ।
कृष्णबहादुर र श्रीमती सरिता श्रेष्ठ अझै शोकबाट तङ्ग्रिएका छैनन् । असोज १८ गते लाङटाङ घुम्न जाँदा बेपत्ता भएका छोरीहरु २६ वर्षीया सनिता, २४ वर्षीया संस्कृति र २० वर्षीय छोरा 'किसन' भन्ने चितलालको ६ महिनापछि यही चैत १६ गते कुशको शव बनाएर अन्त्येष्टी गरेसँगै बुवा कृष्णबहादुर किरियामा बसेका हुन्।
रोट्र्याक क्लबको नेतृत्वमा असोज १६ गते दसैँको टीका लगाएर १७ गते बिहान पाँचदिने यात्रामा घुम्न हिँडेका छोराछोरी नफर्किएपछिको पीडा भनिसाध्य छैन। १६ जनाको टोली लाङटाङ निस्किएका उनीहरु १८ गते दिउँसो करिब ५ बजे बेरिङ खोल्सा तर्ने क्रममा आएको पहिरोसँगैको लेदो पानीले बगाएर गहिरो खाँचमा बेपत्ता भएका थिए।
घटनास्थल आसपासमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीसहितको सुरक्षा टोलीले कैयौँ दिन लगाएर खोज्दा पनि शव नभेटिएपछि रसुवाका प्रमुख जिल्ला अधिकारीले घटना विवरणसहित पठाएको पत्रका आधारमा उनीहरु जीवित नरहेको ठहर गर्दै परिवारले कुशको शव बनाएर दाहसंस्कार गरेका हुन्।
उनीहरुसँगै बेपत्ता भएका भक्तपुर नगरपालिका–१० घर भइ काठमाडौँ बस्ने २३ वर्षीय रवि श्रेष्ठसमेत अहिलेसम्म भेटिएका छैनन् । प्रत्यक्षदर्शीका अनुसार यात्राका क्रममा खोल्सा तर्ने क्रममा अचानक माथिबाट आएको पहिरोसँगैको लेदोमा पहिलोपटक सनिता बगिन् र उनलाई बचाउन गएकी बहिनी संस्कृति पनि बगिन्, फेरि उनलाई बचाउन जाँदा भाइ कृष्ण समेतलाई बगायो । उनीहरुलाई बचाउन भनेर गएका साथी रविलाई समेत बगाएपछि चारै जना बेपत्ता भएका थिए।
किरियामा बसेका बुबा कृष्णबहादुर भन्छन्, 'एकै पटक तीन सन्तान गुमाउनुको पीडा त छँदैछ तर, राज्यले दिने मृत्यु दर्ताको प्रमाणपत्रसमेत परिवारले नपाउँदा भने पीडामाथि पीडा थपिएको छ, सरकार हामीलाई तीन सन्तानको मृत्यु प्रमाणपत्र दिलाइ देऊ।'
उनीहरुको मृत्यु प्रमाणपत्र नपाउँदा बिमादेखि बैङ्क खातामा रहेको रकम बाबुआमाको खातामा सार्न पाएका छैनन्। उनी भन्छन्, 'मृत्यु प्रमाणपत्र लिन वडा, नगरपालिका, भक्तपुर जिल्ला अदालतदेखि गृहमन्त्रालयसम्म धायौँ, तर अझै पाएनौँ, सन्तानको सद्गत गरिसक्यौँ, बेपत्ता भएको र बेपत्ता जीवित नहुने अवस्था सबैलाई थाहा छ, यो लुकेको घटना त होइन नि, त्यसैले कानुनको कुन धारा प्रयोग गरेर हुन्छ सरकार तीन सन्तानको मृत्यु प्रमाणपत्र दिलाई देऊ।'
वडा कार्यालयले बेपत्ता भएको १२ वर्ष नभई मृत्यु प्रमाणपत्र दिन र सिफारिस गर्न नमिल्ने भनेर पन्छाइ दिएको, नगरपालिकाले पनि त्यही जवाफ दिएको बताउँदै काका केशव श्रेष्ठले जिल्ला अदालतमा समेत रसुवाको सबै पत्र र विवरण बुझाउँदा पनि मृत्यु दर्ताको प्रमाण पत्र नपाएको बताउँछन्। रासस

# आयोगको प्रतिवेदन प्रदेश प्रमुखलाई बुझाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय मानव अधिकार आयोगको मधेश प्रदेश कार्यालयले आर्थिक वर्ष २०८१–८२ सम्बन्धी वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष प्रस्तुत गरेको छ ।
आयोगका प्रदेश प्रमुख बुद्धनारायण सहनीले संविधानको धारा २९४ (३) अनुसार सोमबार प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णलाई प्रतिवेदन हस्तान्तरण गरेका हुन् ।
प्रतिवेदनमा प्रदेशभित्र मानव अधिकारको वर्तमान अवस्था, देखिएका चुनौतीहरू र सुधारका सम्भावित उपायहरू समेटिएको जनाइएको छ । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख कर्णले मानव अधिकारको संरक्षण र प्रवद्र्धन राज्यको प्रमुख जिम्मेवारी भएको उल्लेख गर्दै आयोगले उठाएका विषयहरूलाई गम्भीर रूपमा अध्ययन गरिने बताए । उनले मानव अधिकार कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक कदम चाल्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।
राष्ट्रिय मानव अधिकार आयोगले हरेक वर्ष देशभरको मानव अधिकार अवस्थाबारे अध्ययन गर्दै यस्ता प्रतिवेदन सार्वजनिक गर्ने गर्दछ । मधेश प्रदेशसम्बन्धी यस प्रतिवेदनले नीति निर्माण तथा सुधारका पहलमा महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# सबै मन्त्रालयको काम प्रधानमन्त्री कार्यालयले नियमित अनुगमन गर्ने

**काठमाडौँ ।**
सरकारका सबै मन्त्रालय र मातहतका निकायले सात दिनभित्रै प्रमुख १० वटा मुख्य सुधारका क्रियाकलापको कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएका छन् ।
मन्त्रिपरिषद्को चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नम्बर २ अन्तर्गत विभिन्न मन्त्रालय र मातहतका निकायले आफूले सम्पादन गर्ने १० वटा मुख्य सुधारका करिब तीन सय बढी क्रियाकलापको कार्ययोजना समय सीमासहित बुझाएका हुन् ।
प्रधानमन्त्री वालेन्द्र शाहको प्रेस विज्ञ दीपा दाहालका अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको प्रधानमन्त्री कार्यसम्पादन एकाइ 'पीएम डेलिभरी युनिट' ले यी कार्ययोजनाको कार्यसम्पादन 'ट्र्याकिङ' गर्नेछ । यस एकाइले राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाहरूको लागि मुख्य कार्यसम्पादन सूचक, मन्त्रालयगत कार्यसम्पादन ट्र्याकिङसँगै समस्या तथा अवरोध समाधान संयन्त्रसतिहको केन्द्रीय 'ड्यासबोर्ड' सञ्चालन गर्नेछ ।
विभिन्न मन्त्रालय र निकायहरूले १५ दिनदेखि एक वर्षसम्मको समय सीमा तोकी कार्ययोजना तय गरेका छन ।
कार्ययोजनाको मासिक प्रगति प्रतिवेदन हरेक महिनाको ७ गतेभित्र प्रधानमन्त्री कार्यालयमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ । प्रधानमन्त्री कार्यालयले नियमित अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक रिर्पोटिङ गर्ने जनाएको छ । सबै मन्त्रालयसहित राष्ट्रिय योजना आयोग, लगानी बोर्ड र स्वयं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतले आफ्नो कार्ययोजना पेस गरिसकेका छन् ।

**के हो यो कार्ययोजना ?**

सरकारले नतिजामा आधारित शासकीय सुधार प्रबन्ध लागू गर्ने लक्ष्यअनुसार प्रत्येक मन्त्रालयले आफ्ना प्रमुख १० कार्ययोजना, समय सीमा, जिम्मेवार अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहित तयार गर्नुपर्ने व्यवस्था गरेको हो ।
सरकारको मूल उद्देश्य कार्यसम्पादनलाई नतिजामुखी, मापनयोग्य र जवाफदेही बनाउँदै नागरिक जीवनमा प्रत्यक्ष सुधार ल्याउनु रहेको प्रधानमन्त्रीका प्रेस विज्ञ दाहालले बताइन् । झण्डै तीन सय बढी प्रमुख कार्यमध्ये प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयअन्र्तगत प्रणाली स्तरोन्नति, आन्तरिक नियन्त्रण, भ्रष्टाचार विरुद्धको रणनीति, सदाचार नीति, गुनासो फछ्र्यौट, सम्पत्ति शुद्धीकरण ट्«याकिङ, सार्वजनिक खरिद ऐन संशोधन, करदाता सेवा विस्तार, राष्ट्रिय तथ्याङ्क अनलाइन उपलब्धता र राहदानी ऐन संशोधनलगायतका कार्यहरू समावेश छन् । प्रधानमन्त्री कार्यालयले तोकिएको समयभित्र लक्ष्य पूरा नगर्ने अधिकारीहरू जवाफदेही हुने जनाएको छ । रासस

# १२ वर्षमै प्रेम, बेचबिखनको जोखिम

**मधेशदृष्टि**
**वीरगंज।**
सीमावर्ती क्षेत्रमा बालबालिका तथा महिलामाथि हुने हिंसा र बेचबिखनका घटना बढ्दै गएको सरोकारवालाले बताएका छन् । १२ देखि १४ वर्ष उमेर समूहका बालबालिका भारतीय पुरुषसँग प्रेम सम्बन्धमा परेर जोखिमपूर्ण रूपमा भारत जाने–आउने क्रम बढेको पाइएको बताएका हुन्।
सोमबार स्ट्याण्डर्ड चार्टर्ड बैंकको सहयोगमा आफन्त नेपाल पर्साद्वारा वीरगंजमा आयोजित पालिकास्तरीय समन्वय तथा सहकार्य बैठकमा सहभागीले यस्तो बताएका हुन् ।
आफन्त नेपाल पर्सा शाखा प्रमुख मनु रानाका अनुसार शाखाले सन् २०२५ मा वीरगंजस्थित सीमा नाकाबाट २ सय ४५ चेलीबेटीको उद्धार तथा बचाउ गरेको थियो।
सन् २०२६ को हालसम्ममा ७३ को उद्धार र बचाउ गरिसकेको छ । यी समस्यालाई न्यूनीकरण गर्न आफन्त नेपाल, पर्साले सुरक्षित आवास, मनोसामाजिक परामर्श, कानूनी सहायता, स्वास्थ्य उपचार सेवा, शिक्षा प्रेषण, सीप विकास तालिम तथा सशक्तिकरण कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिएको छ।

# अन्तरराष्ट्रिय मौरी सम्मेलन सुरु



**चितवन।**
कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरमा आजदेखि अन्तरराष्ट्रिय मौरी सम्मेलन सुरु भएको छ ।सोही विश्वविद्यालयका उपकुलपति डा. शारदा थपलियाले सम्मेलनको उद्घाटन गरिन्।
उनले सम्मेलन फलदायी हुने विश्वास व्यक्त गरिन् । उनले विश्वविद्यालयले शिक्षणसहित प्रविधि र प्रसारका क्षेत्रमा हरेक वर्ष विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताइन्।
कार्यक्रममा विश्व विद्यालयका रजिष्ट्रार पुस्करबहादुर पाल, कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेल, अन्तर्राष्ट्रिय मौरी अनुसन्धान केन्द्रका प्रा.डा. फेनी हटजिना र विश्व विद्यालयका कृषि संकायका डिन डा.अर्जुनकुमार श्रेष्ठ लगायतले अहिले मौरीपालनमा देखिएका समस्या र समाधानका विषयमा आफ्ना धारणा राखेका थिए।
तीन दिनसम्म सञ्चालन हुने सम्मेलनमा नेपालसहित १९ वटा देशका ७० जना विज्ञसहित २ सय ५० जनाको सहभागिता रहेको छ । कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरको कृषि संकाय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको कृषि बिभाग र नेपाल मौरीपालक महासंघको संयुक्त आयोजनामा सम्मेलन सुरु गरिएको हो। रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन